खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

---

# स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तरोन्नति सम्बन्धि कार्यविधि, २०८२

---

**खण्डः ९** **संख्याः ८** **कार्यपालिका बाट पारित मितिः २०८२/१२/०३**

**प्रमाणीकरण मितिः २०८२/१२/०५**

**प्रस्तावनाः**

खडक नगरपालिका अन्तर्गत रहेको आधारभूत अस्पताल तथा अन्य सरकारी, निजि वा गैरसरकारी स्वास्थ्य संस्था को काम कारवाही लाई व्यवस्थित बनाई नागरिकले पाउनुपर्ने सशुल्क एवम निशुल्क स्वास्थ्य सेवा छिटो छरितो र प्रभावकारी ढङ्गबाट उपलब्ध हुने वातावरण सिर्जना गर्न स्थानीय सरकार प्रचलित कानून बमोजिम सरकारी, निजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाको सेवा बिस्तार, स्तरबृद्धि, स्वास्थ्य सेवा संचालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तथा स्वास्थ्य सेवा संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई स्वास्थ्य सेवा संचालन गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) तथा उक्त ऐनको दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी खडक नगर कार्यपालिकाले देहायको निर्देशिका/कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधि को नाम खडक नगरपालिका को "**स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तरोन्नति सम्बन्धि कार्यविधि,** २०८२" रहने छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखी लागू हुनेछ।

**२. परिभाषाः**

(क) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल, शिक्षण अस्पताल, अस्पताल तथा अनुसन्धान केन्द्र, पोलिक्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु संचालन गर्ने संस्था सम्झनुपर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउँछ।

(ख) **"अनुगमन समिति"** भन्नाले अनुसूची-१ बमोजिमको अनुगमन समिति सम्झनुपर्छ।

(ग) **"ऐन"** भन्नाले "**नेपाल स्वास्थ्य सेवा ऐन, २०५३**" लाई सम्झनुपर्छ।

(घ) **"नियमावली"** भन्नाले "**जनस्वास्थ्य नियमावली, २०७७**" लाई सम्झनुपर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले "**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**" लाई सम्झनुपर्छ।

(च) **"प्रमुख"** भन्नाले खडक नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ।

(छ) **"उपप्रमुख"** भन्नाले खडक नगरपालिकाको उप-प्रमुख लाई सम्झनुपर्छ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(झ) **"अस्पताल"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्येश्यले प्रचलित कानून बमोजिम स्थापित आधारभूत/नगर अस्पताल, सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैर सरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनुपर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ञ) **"आयुर्वेद अस्पताल"** भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनुपर्छ।

(ट) **"आधारभूत अस्पताल"** भन्नाले नेपाल सरकारको नीति २०७६, नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय तथा खडक नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम संचालन गर्न सकिने ५, १०, १५ र २५ शैयाको आधारभूत अस्पताल सम्झनुपर्छ।

(ठ) **"सरकारी अस्पताल"** भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितको लागी स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ।

स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागी "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनुपर्छ।

(ड) **"गैरसरकारी अस्पताल"** भन्नाले मुनाफा रहित उद्येश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ।

(ढ) **"निजि अस्पताल वा नर्सिङ्ग होम"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त निजि अस्पताल वा नर्सिङ्ग होम सम्झनुपर्छ।

(ण) **"पोलिक्लिनिक"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तिमा पाँचवटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला सेवा, रेडियो ईमेजिङ्ग सेवा, फार्मेसी सेवा, फिजीयोथेरापी सेवा, ईत्यादी जस्ता बहुसेवा उपलब्ध गराउने स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(त) **"स्वास्थ्य क्लिनिक"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि चिकित्सा लाई स्वास्थ्य सम्बन्धि जाँच गर्ने, उपचार सम्बन्धि आवश्यक परामर्श, एकै स्थानबाट कम्तिमा पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला सेवा, रेडियो ईमेजिङ्ग सेवा, फिजीयोथेरापी सेवा, परिवार नियोजन, खोप सेवा जस्ता सेवा उपलब्ध गराउने संस्थालाई सम्झनुपर्छ र सो शब्दले निजि क्लिनिक समेतलाई जनाउँदछ।

(थ) **"डाईग्नोस्टीक सेन्टर"** भन्नाले निदानात्मक सेवाहरु जस्तै प्रयोगशाला सेवा, रेडियो ईमेजिङ्ग सेवा, आदि जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा संचालन गर्ने संस्थालाई सम्झनुपर्छ।

(द) **"अध्यक्ष"** भन्नाले आधारभूत/नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

(ध) **"अस्पताल प्रमुख वा मेडिकल सुपरिटेन्डेन्ट"** भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिम को कर्मचारी वा खडक नगरपालिका बाट अस्पताल प्रमुख वा मेडिकल सुपरिटेन्डेन्ट भनि तोकेको चिकित्सक लाई सम्झनुपर्छ। निजि स्वास्थ्य संस्थामा बोर्डले तोके बमोजिमको चिकित्सक लाई सम्झनुपर्छ।

(न) **"कार्यपालिका"** भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(प) **"कार्यविधि"** भन्नाले स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तरोन्नति सम्बन्धि कार्यविधि, २०८२ सम्झनुपर्छ।

(फ) **"संयोजक"** भन्नाले आधारभूत अस्पतालमा रहेका कर्मचारीहरु मध्ये बाट समितिले नगरपालिका र अन्य निकाय संग समन्वय, पत्रचार आदि कार्य गर्न तोकेको कर्मचारी लाई सम्झनुपर्छ।

(ब) **"चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषदबाट अनमुति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(भ) **"नगरपालिका"** भन्नाले खडक नगरपालिका सम्झनुपर्छ।

(म) **"नगरपालिका क्षेत्र"** भन्नाले खडक नगरपालिकाको भुभाग सम्झनुपर्छ।

(य) **"पदाधिकारी"** भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनुपर्छ।

(र) **"समिति"** भन्नाले दफा २६ उपदफा ग "१" बमोजिम गठित **आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति** लाई सम्झनुपर्छ।

(ल) **"शाखा"** भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

## परिच्छेद-२

## स्वास्थ्य सेवा संचालन तथा गुणस्तर सम्बन्धि व्यवस्था

**३. स्वास्थ्य सेवा संचालनः**

(१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा अनुमति लिई संचालन गर्नु गराउनु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले आफ्नो उदेश्य र क्षमता अनुसार नगरपालिकाबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा संचालन गर्न सक्नेछः

(क) आकस्मिक सेवा

(ख) बहिरङ्ग सेवा

(ग) अन्तरङ्ग सेवा

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो इमेजिङ्ग, आदि)

(ङ) शल्यक्रिया सेवा

(च) सघन उपचार सेवा

(छ) प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा

(ज) विशेषज्ञ सेवा

(झ) फार्मेसी सेवा

(ञ) रक्त सञ्चार सेवा

(ट) फिजियोथेरापी सेवा

(ठ) शवगृह व्यवस्था

(ड) अस्पताल व्यवस्थापन

(ढ) वातावरण व्यवस्थापन

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहोरमैला व्यवस्थापन

(त) पोषण गृह

**४. गुणस्तर सुनिश्चितता सम्बन्धि मापदण्डः**

(१) स्वास्थ्य संस्थाले दफा ५ बमोजिमको स्वास्थ्य सेवा संचालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायमा उल्लेखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछः

(क) बाहिरङ्ग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिन सङ्क्रमण नियन्त्रण (Infection Prevention) को ब्यबस्था हुनुपर्नेछ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा संचालन गर्न, कार्य संचालन निर्देशिका (Standard Operating Manual) तयार गरि लागु गर्नु पर्नेछ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकिस्तक उपलब्ध हुने समय तालिका दिन र बार समेत खुल्ने गरि सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) उपलब्ध चिकित्सकहरु मध्ये बिरामीले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिस्चित गर्नुपर्नेछ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पदतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा गर्नुपर्नेछ।

(झ) अस्पतामा उजरी पेटिका सबैले देख्ने स्थानमा रेख्नुपर्नेछ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजरी समाधान गर्नुपर्नेछ, साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित ब्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी वडापत्र (Patient Charter) सबैले देख्ने गरि राख्नुपर्नेछ र सोहि अनुरुप सेवाको सुनिश्चिता गर्नुपर्नेछ।

(ठ) अस्पतालमा आउने बिरामीलाई सोधपुछ वा सहायता कक्षको व्यवस्था गरि आवश्यक सूचना दिने व्यवस्था गरेको हुनुपर्नेछ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यबस्था गरेको हुनुपर्नेछ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धि विनियम बनाएको हुनुपर्नेछ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ।

(त) अस्पतालले चौबिसै घण्टा चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्नेछ।

(थ) अस्पतालमा रहेको शैया संख्याको दश प्रतिशत शैया आकस्मिक सेवाको लागि छुट्टयाइएको हुनुपर्नेछ र शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वस्थायाकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रेफर गर्ने, बिरामीको रेफरल प्रक्रिया र अन्तरविभागीय तथा अन्तरसंस्था बिरामी सार्ने पदती स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सो बमोजिनको ढाँचामा सबैले देख्ने ठाउमा राख्नुपर्नेछ।

(ध) अस्पतालमा उपचारका लागि आउने बिपन्न, असहाय, बेवारिस बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुटयाई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

(न) उपदफा (१) (ध) बमोजिन उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन नगरपालिकमा मासिक रुपमा पठाउनुपर्नेछ।

(प) अस्पतालमा ज्येष्ठ नागरिकलाई विशेष किसिमका सुविधाको व्यवस्था हुनुपर्ने।

(फ) स्वास्थ्य संस्था संचालन गरिने भवन भूकम्प प्रतिरोधात्मक हुनुपर्नेछ।

(ब) सबै अस्पतालहरुले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ।

(भ) प्रत्येक स्वास्थ्य संस्थाले सूचना अधिकारी तोकी सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ।

## परिच्छेद-३

## स्वास्थ्य सेवा संचालन अनुमति प्रक्रिया

**५. स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्रदानः** (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना/दर्ता, संचालन, व्यवस्थापन तथा स्तरोन्नति गर्न प्रयोजनकोलागी खडक नगरपालिकाले अनुमति दिन सक्नेछः

(क) स्वास्थ्य क्लिनिक, परामर्श/प्राथमिक उपचार क्लिनिक, डेन्टल क्लिनिक, पोलिक्लिनिक, पाच, दश र पन्ध्र शैया सम्मको आधारभूत एवम जनरल अस्पताल, नर्सिङ्ग होम

(ख) आयुर्वेद क्लिनिक, पन्ध्र शैया सम्मको आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल, सोवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथि क्लिनिक,

(ग) फिजियोथेरापी केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र

(घ) "डि" र "ई" वर्गको प्रयोगशाला

(ङ) अन्य चिकित्सा सँग सम्बन्धित सेवा संचालन गर्दा आवश्यक डकुमेन्ट सहित संलग्न निवेदन पेश भए पछि सो सेवा संचालनको लागी आवश्यक निर्धारित मापदण्ड भए नभएको सम्बन्धमा अनुसूची १ बमोजिमको अनुगमन समितिको सिफारिसको आधारमा खडक नगरपालिका कार्यालयले सेवा संचालन अनुमति तथा नविकरण प्रदान गर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारबाट स्थापना हुने स्वास्थ्य संस्थाको हकमा नेपाल सरकारको निर्णय बमोजिम हुनेछ।

(३) उपदफा (१) मा उल्लेख भएको बाहेकका अस्पताल (पन्ध्र शैया भन्दा माथिको अस्पताल) तथा स्वास्थ्य संस्थाबाट संचालन अनुमति वा सिफारिस माग आएमा माथिल्लो संचालन अनुमति प्रदान गर्ने निकायमा (जनस्वास्थ्य सेवा नियमावली बमोजिम) प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गरिदिने।

**६. पूर्वाधार निर्माण मनसाय पत्रको लागि निवेदन दिनुपर्नेः**

(१) स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा बिस्तार वा स्तरोउन्नती गरी स्वास्थ्य सेवा संचालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागी अनुसूची ७ बमोजिमको ढाँचामा मनसाय पत्रको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा खडक नगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र कार्यदिन भित्र देहायका विवरणहरु परिक्षण गर्ने प्रयोजनको लागी अनुगमन समिति खटाउनेछ।

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यवसायिक कार्य योजना

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्ता र जग्गाको पर्याप्तता

(ग) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र

(घ) विशेषज्ञ अस्पताल भए सो अस्पतालले पुर्याउने सेवा

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्याउने थप योगदान

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस दिन भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागी अनुमति दिन उपयुक्त हुन देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले बढीमा तीन वर्ष सम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागी निवेदकलाई मनसाय पत्र (Letter of Intent) प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परि पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागी सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्ता अस्पताल वा स्वास्थ्य संस्थालाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ।

(६) उपदफा (१), (२), (३), (४) र (५) मा जे लेखिएपनि लिजमा लिएको घरजग्गामा संचालन गर्ने अस्पताल तथा स्वास्थ्य संस्थालाई मनसाय पत्र लिनु पर्ने छैन।

**७. संचालन अनुमती दिन सकिनेः**

(१) दफा ६ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा वा लिज/भाडामा भए घर/ जग्गा बहाल सम्झौता पत्र सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा संचालन गर्न आवश्यक कागजातहरु संलग्न गरी अनुसूची १० बमोजिमको ढाँचामा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

तर स्वास्थ्य क्लिनिक, रेडियो इमेजिङ्ग सेवा तथा पोलिक्लिनिक, अन्य क्लिनिक हरु संचालन अनुमतिको लागी अनुसूची ९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा निवेदन प्राप्त भएको मितिले पन्ध्र कार्यदिन भित्र अनुगमन समिति खटाउनु पर्नेछ।

(३) उफदफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्यदिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उफदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस कार्यविधिमा उल्लेखित अन्य मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ट अधिकृतले बढीमा पाँच वर्षको लागि स्वास्थ्य सेवा संचालन गर्न अनुसूची ११ को ढाँचामा अनुमति दिन सक्नेछ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा संचालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उफदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्यदीन भित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ट अधिकृतले निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारी सम्बन्धित स्वास्थ्य संस्था लाई दिनुपर्नेछ।

(६) यो कार्यविधि प्रारम्भ हुँदाको बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागी निवेदन दिएका स्वास्थ्य संस्थालाई अनुसूची १२ बमोजिमका शुल्क बुझाएमा निश्चित अवधिको लागी कार्यविधि बमोजिमको प्रक्रिया पूरा गर्नेगरि संचालन अनुमति दिन सकिनेछ।

(७) यस कार्यविधि प्रारम्भ हुँदाको बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको, निवेदन नआएको र अनुगमन गर्दा कार्यविधि बमोजिम न्युनतम मापदण्ड भन्दा निकै अपुग स्वास्थ्य संस्थाले निवेदन दिएमा नगरपालिकाले तोकेको दस्तुर लिई यसै कार्यविधि बमोजिमको प्रक्रिया पूरा गर्ने गरि एक पटक छोटो अवधिको लागि परिक्षण संचालन अनुमति दिन सकिनेछ।

(८) उफदफा (२), (३) र (५) बमोजिम तोकिएको म्यादभित्र नगरपालिका वा समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागी निवेदन दिने स्वास्थ्य संस्थाले प्रमुख/प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ। यसरी प्राप्त भएको उजुरी सम्बन्धमा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले दफा (२), (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शिघ्र अनुगमनको व्यवस्था मिलाई संचालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ।

**८. थप सेवा बिस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्नेः**

स्वास्थ्य संस्थाले आफुले सेवा संचालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरि सेवा संचालन गर्न चाहेमा नगरपालिका बाट यस कार्यविधि बमोजिमका प्रक्रिया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ।

**९. पुनः अनुमति प्राप्त गर्न निवेदन दिनु पर्नेः**

(१) यो निर्देशिका प्रारम्भ हुँदाको बखत संचालन स्वीकृति लिएका र अवधि रहेको स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिमको तोकिएको पुर्वधार तथा मापदण्ड कायम गर्ने प्रयोजनको लागी यो निर्देशिका प्रारम्भ भए पछि नगरपालिका बाट जारी भएको सार्वजनिक सुचनामा तोकेको अवधि भित्र पुर्वाधार तयारी योजना (भवन प्रबलिकरण वा नयाँ निर्माण योजना) सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा खडक नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागी तीन वर्ष र मापदण्ड कायम गर्नका लागी एक वर्षको समयावधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले मासिक रिपोर्ट र प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) प्रबलिकरण हुने अस्पताल वा नयाँ निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेको स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरका संख्यामा प्रति व्यक्ति पचास हजार रुपैया बराबरका सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको प्रक्रिया पूरा गरेको स्वास्थ्य संस्थालाई दफा ७ बमोजिम स्वास्थ्य संस्था संचालन गर्न अनुमति प्रदान गरिनेछ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिएपनि निर्धारित अवधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति नगरपालिकाले रद्द गर्नेछ।

**१०. अनुमति दस्तुर बुझाउनु पर्नेः**

स्वास्थ्य संस्थाका स्थापना, सेवा बिस्तार वा स्तारोन्नतति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची १२ मा उल्लेख भए बोमोजिमका अनुमति दस्तुर नगरपालिकालाई बुझाउनु पर्नेछ।

**११. नवीकरण गराउनु पर्नेः**

(१) यस निर्देशिका/कार्यविधि बमोजिम स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा संचालन अनुमतिको अवधि समाप्त हुने मिति भन्दा तीन महिना अगावै नगरपालिकाको कार्यालयमा नवीकरणका लागी निवेदन दिनु पर्नेछ। नगरपालिकाले निवेदन प्राप्त मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरी नविकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा खडक नगरपालिकाले अनुसूची १२ मा उल्लेख भए बमोजिमको नविकरण दस्तुर लिई बढीमा पाँच वर्षको लागी स्वास्थ्य संस्थालाई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ट अधिकृतले सेवा संचालन अनुमतिको नविकरण गरी दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधि भित्र मनासिव कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप छ महिना भित्र निवेदन पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सेवा संचालन अनुमति नवीकरण गरी दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधि भित्र नवीकरणको लागी निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा संचालन अनुमति पत्र स्वतः खारेज हुनेछ र सो जानकारी त्यस्तो स्वास्थ्य संस्था दर्ता भएको निकायलाई समेत दिईनेछ।

**१२. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धि व्यवस्थाः**

(१) स्वास्थ्य संस्थाले आफुले प्रदान गरेको सेवाहरुको यस निर्देशिकामा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परिक्षण (स्वःमुल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न नगरपालिकाले निर्देशन दिन सक्नेछ। त्यस पाछिको दुई महिनामा पनि प्रतिवेदन पेश नगरेमा सचेत गराईनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आवश्यकता अनुसार सम्भावित जोखिम, भोगोलिक अवस्थित, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस कार्यविधिको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा संचालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ।

(५) निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस कार्यविधि बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परिक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई प्रदान गरिदै आएको दर्ता तथा नविकरण अनुसारको सेवा आंशिक रुपमा बन्द गर्न आदेश दिन सकिनेछ।

(६) उपदफा (५) बमोजिम स्वास्थ्य संस्थालाई कारवाही गर्नु पुर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिव माफिकको सफाई पेश गर्न मौका दिनुपर्नेछ।

(७) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले बाधा गर्ने छैन।

(८) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संघीय तथा प्रादेशिक स्वास्थ्य निकायबाट सेवा संचालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्थाको समेत अनुगमन गर्न सक्नेछ र त्यस्ता अस्पताल वा स्वास्थ्य संस्थालाई आवश्यक पर्दा नगरपालिकाले सहकार्य गर्नेछ।

(९) स्वास्थ्य सेवा संचालन सम्बन्धि अनुमति लिने प्रक्रिया प्रारम्भ गरेको स्वास्थ्य संस्थामा चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले काम गर्न पाउने छ।

**१३. निवेदन दिन सक्नेः**

(१) दफा १२ को उफदफा (५) बमोजिम दिएको आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले पन्ध्र दिन भित्र चित्त नबुझने को स्पष्ट आधार र कारण सहित पुनराबलोकनका लागी नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिको प्रतिक्रिया समेत लिई प्रमुख प्रशासकीय अधिकृतले पन्ध्र दिन भित्र छानबिन गरी निर्णय गर्नु पर्नेछ।

**१४. स्वास्थ्य संस्था गाभिई सेवा संचालन गर्न सक्नेः**

स्वास्थ्य सेवा लाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन संचालनमा रहेको एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा संचालन गर्न चाहेमा सोको अनुमतिका लागी त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा नगरपालिका समक्ष निवेदन दिई गाभिई सेवा संचालन गर्न सक्नेछ।

## परिच्छेद-४

## अस्पताल सम्बन्धि मापदण्ड

**१५. अस्पतालको पूर्वाधार सम्बन्धि मापदण्ड :**

(१) अस्पतालले सेवा संचालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पूरा गरेको हुनुपर्नेछः

(क) अस्पताल रहने स्थान धुँवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको

(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुँच भएको

(घ) पानी, बिजुली र संचार सुविधा उपलब्द भएको

(ङ) सवारी साधन पार्किङ्गका लागि पर्याप्त व्यवस्था भएको

(च) अस्पताल परिसरमा सक्दो बगैचाको व्यवस्था गर्ने

(छ) जोखिमपूर्ण फोहर व्यवस्थापनको लागि उपयुक्त व्यवस्था मिलाएको

(ज) शैयाका आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनु पर्नेछ।

| क्र.स. | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १. | बिरामी नाम दर्ता कक्ष/स्थानको व्यवस्था | ✓ | ✓ | ✓ |
| २. | अस्पतालबाट प्रदान हुने प्रत्यके विशेषज्ञ सेवाका लागि अलग अलग ओ.पी.डी. कक्षको व्यवस्था मिलाएका | - | - | ✓ |
| ३. | बाहिरङ्ग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिका चौध वर्ग मीटरको हुनुपर्ने र कन्सल्टेन्टको युनिट वा सेवा अनुसार सिफ्ट अनुसार ओ.पी.डी. सञ्चालन गर्न सकिने | ✓ | ✓ | ✓ |
| ४. | स्वास्थ्य संस्थाले बाहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखेको | ✓ | ✓ | ✓ |
| ५. | व्हिलचेयर, ट्रलि, स्ट्रेचरको पर्याप्त व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ६. | व्हिलचेयर, ट्रलि, स्ट्रेचर राख्ने ठाउँ पर्याप्त भएको | ✓ | ✓ | ✓ |
| ७. | व्हिलचेयर, ट्रलि, स्ट्रेचर चलाउने मानिस पर्याप्त भएको | ✓ | ✓ | ✓ |
| ८. | स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाएको | - | - | - |
| ९. | बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबाट स्पष्ट जानकारी (Counseling) दिने व्यवस्था | ✓ | ✓ | ✓ |
| १०. | आ.पि.डि कक्षमा पर्याप्त फर्निचर सहितको प्रतिक्षालय | ✓ | ✓ | ✓ |
| ११. | सूचना—पाटी टि.भि. स्क्रिन, पोष्टर आदिबाट स्वास्थ्य सम्बन्धी र अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था | ✓ | ✓ | ✓ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | महिला र पुरुषका लागि अलग अलग शौचालयको व्यवस्था | ✓ | ✓ | ✓ | |

(२) बाहिरङ्ग, अन्तरङ्ग, आकस्मिक तथा शल्यचिकित्सा विभाग र सघन उपचार कक्ष सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछः

(क) बाहिरङ्ग विभागः

| १५ शैया सम्म |
|---|
| • आधारभूत स्वास्थ्य सेवा<br>• सामान्य चिकित्सा<br>• सामान्य शल्यक्रिया<br>• स्त्रीरोग तथा प्रसूति सेवा<br>• बाल रोग तथा शिशु सेवा<br>• सामान्य दन्त सेवा |

(ख) अन्तरङ्ग विभागः

(१) जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग—अलग वार्डको व्यवस्था हुनु पर्नेछ। यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला बिरामीको गोपनियता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ।

(२) अस्पतालमा वार्डको सुविधा हुनेगरी ड्रेसिङ रुम, काउन्सेलिंङ रुम आदिको व्यवस्था भएको हुनु पर्नेछ।

(३) अपांगता भएका बिरामीहरुको व्यक्तिगत सरसफाई र लुगा फेर्ने प्रयोजका लागि आवश्यक व्यवस्था हुनु पर्नेछ।

(४) एक जनरल वार्डमा अधिकतम पच्चीस शैया भन्दा बढी राख्न नपाईने।

(५) एक कन्सल्टेन्टको मातहतमा ३० शैया भन्दा बढी शैया राख्न नपाइने।

(६) एक क्युविकल (Cubicle) मा छ शैया भन्दा बढी राख्न नपाईने।

(७) अस्पतालमा आवश्यकता अनुसार क्याबिन कोठाहरुको व्यवस्था हुनु पर्नेछ।

(८) कुल शैयाको बाढीमा ३० प्रतिशत मात्र क्याबिन शैया राख्न पाइने छ।

(९) ठुला र जटिल प्रकारका शल्यक्रिया सेवा प्रदान गर्ने अस्पतालमा कार्डियाक मनिटर भेन्टिलेटर सहितका पोष्ट अपरेटिभ रिकभरी शैया अनिवार्य रुपमा उपलब्ध हुनु पर्नेछ।

(१०) प्रत्येक वार्डको लागि अलग—अलग नर्सिङ स्टेशन हुनु पर्नेछ।

(११) नर्सिङ्ग स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा "कल बेल" राख्नु पर्नेछ।

(१२) जनरल शैयाको हकमा ४ देखि ५ शैयाको अनुपातमा १ स्टाफ नर्सको व्यवस्था भएको हुनु पर्नेछ।

(१३) शैया बीच कम्तिमा ३ फिट तथा भित्ताबाट कम्तिमा १ फिटको दूरी राख्नु पर्नेछ।

(१४) प्रसुति सेवा प्रदान गर्ने अस्पतालको लेबर रुम र प्रसूति कक्षमा कम्तिमा एउटा कार्डियो–टोकोग्राफी मेशिन जडान भएको हुनु पर्नेछ। विशेषज्ञ अस्पतालको हकमा तोकिए बमोजिम हुनु पर्नेछ ।

(ग) <u>आकस्मिक विभागः</u>

(१) अस्पतालमा कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ ।

(२) ५० शैया भन्दा माथिका अस्पतालहरुमा आकस्मिक सेवाका लागि छुटयाएको शैयालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछः–

(क) रातोः अति सिकिस्त बिरामीको सेवा दिने शैया बराबर एक प्रतिशत

(ख) पहेलोः सिकिस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत

(ग) हरियोः सामान्य बिरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत

(घ) कालोः मृत्यु भईसकेका बिरामीलाई राख्न शैया–एक प्रतिशत

(ङ) निगरानी कक्ष/शैयाः (Observation Room/ Bed) कुल आकस्मिक शैयाको कम्तिमा तीन प्रतिशत

(३) दश प्रतिशत भन्दा बढी शैया छुटयाएको सन्दर्भमा माथि उल्लेख भएका वर्गीकरणको अनुपातमा शैयाको बाँडफाँड हुनु पर्नेछ।

(४) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एकसरे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओपिडी, ओ.टी. तथा व्हिलचेर, ट्रलि, स्टेचर लैजान ल्याउन बिरामी सजिलै सकिने गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।

(५) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज क्षेत्र, निसंक्रमण कक्ष, चेन्जिङ्ग रुम, मेडिको लिगलका लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(६) चौबीसे घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(७) पच्चिस शैया सम्मका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकलमा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ। साथै पचास शैया वा सो भन्दा माथिको क्षमता भएका अस्पतालहरुमा आकस्मिक सेवा कक्षमा चौबीसै घण्टा चिकित्सकको सेवा उपलब्ध हुनुका साथै सम्बन्धित विषयको कन्सल्टयाण्ट चिकित्सक अनकलमा अनिवार्य रुपमा उपलब्ध हुनु पर्नेछ ।

(८) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(९) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापन योजना बनाएको र अध्यावधिक गरेको हुने पर्नेछ ।

(१०) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic Life Support/Primary Trauma Care/ Advance Cardiac Life Support/ Advance Trauma Life support/ Primary Emergency care आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ ।

(११) शैयाका आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनु पर्नेछः

| क्र.स. | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | कुल शैया क्षमताको कम्तिमा दश प्रतिशत अकस्मिक कक्षमा शैयाहरुको उपलब्धता | ✓ | ✓ | ✓ |
| २ | आकस्मिक कक्षबाट अल्ट्रासाउण्ड, एक्सरे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओ.पि.डि., ओ.टी. तथा अन्य सेवाहरुमा सजिलै बिरामी ल्याउन लैजान सकिने व्यवस्था (व्हिलचर/ट्रलि जान सक्ने अवस्था) | ✓ | ✓ | ✓ |
| ३ | आपतकालिन सेवाका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको अपतकालीन कक्षमा सहज रुपमा आउन जान सक्ने अवस्था | ✓ | ✓ | ✓ |
| ४ | आवश्यक सेवा दिनका लागि आकस्मिक कक्षको कोठा उपलब्धता | ✓ | ✓ | ✓ |
| ५ | दक्ष स्वास्थ्यकर्मीबाट (२५ भन्दा कम शैया क्षमतामा स्वास्थकर्मी, ५० र सो भन्दा माथिको क्षमता भएका अस्पतालहरुमा चौबिसे घण्टा चिकित्सक सेवा उपलब्ध हुने व्यवस्था) | ✓ | ✓ | ✓ |
| ६ | सम्बन्धित विषयको कन्सल्टयान्ट चिकित्सक अनकलमा अनिवार्य रुपमा उपलब्ध हुने व्यवस्था | - | - | - |
| ७ | आकस्मिक सेवामा काम गर्ने जनशक्ति तालिम प्राप्त | ✓ | ✓ | ✓ |
| ८ | आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसे घण्टा उपलब्ध हुने व्यवस्था | ✓ | ✓ | ✓ |
| ९ | आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर हुने भए रिफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको | ✓ | ✓ | ✓ |
| १० | आकस्मिक विभागको लागि छुट्टै शल्यक्रिया कक्ष | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| ११ | सञ्चार सविधा (टेलिफोन, ईन्टरनेट, आदी) | ✓ | ✓ | ✓ |
| १२ | शुद्ध खानेपानीको व्यवस्था | ✓ | ✓ | ✓ |
| १३ | शौचालय र शौचालयमा पर्याप्त पानीको व्यवस्था | ✓ | ✓ | ✓ |
| १४ | सार्वजनिक टेलिफोन सेवा | ✓ | ✓ | ✓ |
| १५ | आकस्मिक सेवाको लागि छुट्टै प्रयोगशालाको व्यवस्था भएको र चौबिसै घण्टा प्रयोगशालाको सुविधा उपलब्धता भएको | - | - | - |

(घ) <u>सघन उपचार कक्षः</u> ५० शैया वा सो भन्दा बढी शैया संख्या भएको अस्पतालमा सघन उपचार कक्ष हुनुपर्नेछ। HDU, ICU र PICU भने मापदण्ड पूरा गरेर यस नगरपालिकामा अवस्थित अस्पताललाई आवश्यक लागे संचालन गर्न पाउनेछ।

(ङ) <u>शल्यक्रिया कक्षः</u> शल्यक्रिया कक्षको मापदण्ड देहायको बमोजिम हुनेछः

(१) सर्जिकल सेवा प्रदान गर्न न्युनतम एउटा मेजर ओ.टी र एउटा माइनर ओ.टी र एउटा एनेस्थेटिक तयारी कक्षको व्यवस्था हुनुपर्नेछ।

(२) अक्सिजन आपूर्तिको नियमित व्यवस्था हुनु पर्नेछ।

(३) ओ.टी. वातानुकूलित हुनु पर्नेछ।

(४) अत्यावश्यकीय सेवा तथा सामग्रीहरु उपलब्ध भएको हुनु पर्नेछ।

(५) ओ.टी.को बाहिर बिरामी कुरुवा बस्ने व्यवस्था हुनु पर्नेछ।

(६) प्रत्येक मेजर ओ.टी. को लागि पोष्ट अपरेटिभ वार्डको व्यवस्था हुनु पर्नेछ।

(७) अस्पतालमा शल्यक्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहीरहनु पर्ने व्यवस्था हुनु पर्छ।

**१६. अस्पतालको व्यवस्थापन सम्बन्धि मापदण्ड :**

(१) <u>सोधपुछ तथा गुनासो सुनुवाईः</u> अस्पतालमा सोधपुछ कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनु पर्ने र हरेक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ।

(२) <u>सुचना तथा संचार सेवाः</u> (क) अस्पतालमा आकस्मिक सेवाका टेलिफोन नम्बरहरु एम्बुलेन्स, प्रहरी, दमकल आदिको अध्यावधिक टेलिफोन नम्बर राख्नु पर्नेछ। साथै अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल इन्टरकम (Intercom) को व्यवस्था हुनु पर्नेछ।

(ख) सबैले देख्न सक्ने गरी नेविगेसन चार्ट र नागरिक वडापत्र राख्नु पर्नेछ।

(ग) अस्पतालको आफ्नै वेवसाइट हुनु पर्नेछ।

(३) <u>पानीको व्यवस्थाः</u> अस्पतालमा चौबिसे घण्टा पर्याप्त मात्रामा सफा पिउने पानी तथा अन्य प्रयोजनको लागि पानी उपलब्ध हुनु पर्नेछ।

(४) <u>विद्युत आपूर्तिः</u> अस्पतालमा चौबिसे घण्टा विद्युत आपूर्तिको व्यवस्था हुनुको साथै व्याक-अप प्रणालीको समेत व्यवस्था गरेको हुनु पर्नेछ।

(५) <u>शौचालयको व्यवस्थाः</u> अस्पताल हाता भित्र पर्याप्त पानी र साबुन सहितको पर्याप्त संख्यामा सफा शौचालयको व्यवस्था हुनु पर्नेछ।

(६) <u>विरामी कुरुवा सुविधाः</u> अस्पातामा बाहिरङ्ग अन्तरङ्ग सेवा दिइने स्थानहरुमा पर्याप्त मात्रामा विश्राम स्थल तथा विरामी कुरुवाको लागि कुरुवा स्थलको व्यवस्था हुनु पर्नेछ।

(७) <u>क्यान्टिन व्यवस्थाः</u> अस्पताल हाताभित्र वा छेउमा स्वस्थ, सफा र सुविधायूक्त चौबिसे घण्टा सञ्चालनमा रहने क्यान्टिनको व्यवस्था गराउनु वा हुनु पर्नेछ।

(८) <u>सुरक्षा व्यवस्थाः</u> अस्पतालमा चौबिसे घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ। आपतकालीन अवस्थामा अन्य सुरक्षा निकायसँग समन्वय गर्न व्यवस्थाको व्यवस्था हुनु पर्नेछ। अस्पतालका संवेदनशील क्षेत्रहरु जस्तै आकस्मिक कक्ष, फार्मेसी, बाहिरङ्ग कक्ष बाहिर, सघन उपचार कक्ष (ICU), पार्किङ्ग, टिकट कक्ष लगायतका क्षेत्रहरुमा CCTV जडान गरी कम्तिमा ३० दिन सम्मको रेकर्ड रहेन व्यवस्था गरिएको हुनु पर्नेछ।

(९) <u>एम्बुलेन्स व्यवस्थाः</u> एम्बुलेन्स सेवा लाई प्रेषण् सेवामा आवद्ध गरी अस्पतालमा आधारभूत मेडिकल इमर्जेन्सी सम्बन्धी तालिम लिएको स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स सेवाको व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ।

(१०) <u>शव गृहको व्यवस्था (स्वेच्छिक):</u> ५० शैया भन्दा माथिका अस्पतालहरुमा शव नसड्ने गरी राख्ने प्रविधियुक्त शव गृहको व्यवस्था हुनु पर्नेछ।

(११) <u>शव वहानको व्यवस्था (स्वेच्छिक):</u> (१) अस्पतालले शव वहान सञ्चालन गर्नु पर्नेछ।

(२) शव वहान सञ्चालनका लागि सम्बन्धित निकायसँग अनुमति लिएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम शव बहान सञ्चालन गर्न अस्पतालसँग शव वहान भएमा शव वहान भएको अस्पताल वा संघ संस्थासँगको आवद्धता लिनु पर्नेछ।

(४) शव वहान शव बोक्ने कार्यमा मात्र प्रयोग गर्नुपर्ने र यसमा साईरन राख्न पाइने छैन।

(५) शव वहान सेतो रङ्गको हुनु पर्नेछ । जसमा कम्तिमा ६ इन्चको कालो अक्षरले “शव वहान” भनी लेखिएको हुनु पर्नेछ र शव राख्नको लागि पर्याप्त स्थान हुनु पर्नेछ।

(६) शव वहान चालकले संक्रमण रोकथाम सम्बन्धी तालिम प्राप्त गरेको हुनु पर्नेछ।

(१२) <u>यातायतको व्यवस्थाः</u> ५० वेड वा सो भन्दा माथिको अस्पतालमा सेवा प्रदान गर्ने कर्मचारीलाई आते जाते प्रयोजनको लागि यातायातको व्यवस्था हुनु पर्नेछ।

(१३) <u>पार्किङ्गको व्यवस्थाः</u> कर्मचारी तथा सेवाग्राहीहरुको लागि सवारी साधन पार्किङ्ग व्यवस्था हुनु पर्नेछ।

(१४) <u>भण्डारको व्यवस्थाः</u> अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौजदात रहनु पर्नेछ र सो सामग्रीहरुको उपयुक्त भण्डारको लागि रेफ्रिजे्रटर, एयर कन्डिसनर, उपयुक्त भेन्टिलेसन सहितको प्रयाप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ। साथै आपतकालीन अवस्थामा प्रयोग हुने सामग्रीहरुको भण्डारणको लागि कम्तिमा एक महिनाको लागि पुग्ने अलग्गै भण्डारण कक्षको व्यवस्था हुनु पर्नेछ।

(१५) <u>स्थान तथा जग्गा पूर्वाधार:</u>

(क) अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदुषण मुक्त क्षेत्रको छनौट गर्नुपर्नेछ। छनौट गरिएको स्थान त्यस्तै प्रकृतिको अस्पताल रहेको स्थानको कम्तिमा पाँच सय मिटर टाढा हुनुपर्नेछ। तर फरक प्रकृतिका अस्पतालको हकमा र जनघनत्वको आधारमा अस्पतालको शैया आवश्यक देखिएमा यो बन्देज लागू हुनेछैन।

(ख) अस्पताल संचालनको लागि आफ्नै स्वामित्वको प्रयाप्त जग्गा हुनुपर्नेछ। आफ्नो जग्गा नभएको हकमा कम्तिमा दश वर्षको लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरि संचालनमा ल्याउन सक्नेछ।

(१६) <u>अस्पताल भवन:</u> अस्तपतालका भवन निर्माण गर्दा भूकम्पीय जोखिम प्रतिरोध क्षमता भएको हुनु पर्नेछ। आवश्यक अनुसार थप टहरा, अस्थायी भवन, ईत्यादि निर्माण गर्न सकिनेछ। अस्पतालका कोठाहरु उपयुक्त भेन्टिलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनुपर्नेछ।

(१७) <u>लण्ड्री व्यवस्था:</u>

(क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनुपर्नेछ।

(ख) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनुपर्नेछ।

(१८) <u>कर्मचारी व्यवस्थापन:</u> अस्पतालले कम्तिमा पनि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार कर्मचारीको व्यवस्थापन गरेको हुनु पर्नेछ। कर्मचारीहरुले तोकेको पोशाक, परिचय पत्र एवं सक्दो विद्युतीय हाजिरीको प्रयोग गरेको हुनु पर्नेछ। कर्मचारीहरुको कामको जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ।

(१९) <u>फोहोर मैला व्यवस्थापन:</u> अस्पताल हाता सफा, स्वच्छ र दुर्गन्ध रहित हुनु पर्नेछ। अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सही तरिकाले Category अनुसार राख्नु पर्नेछ। स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनमा यस नगरपालिका तथा नगरपालिका अन्तर्गत रहेको स्वास्थ्य संस्था एवं अस्पताल सँग सहकार्य गर्न सकिनेछ।

(२०) <u>अस्पताल फार्मेसी:</u> ५० शैया भन्दा माथिका अस्पतालहरुमा अस्पताल फार्मेसी सञ्चालन निर्देशिका अनुसार अस्पताल हाता भित्र चौबिसे घण्टा फार्मेसी सेवा सञ्चालन गरेको हुनु पर्नेछ। सञ्चालन गरिएको अस्पताल फार्मेसीले इमरजेन्सी, अन्तरङ्ग तथा बाहिरङ्ग सेवाको लागि चाहिने औषधीहरु पर्याप्त मात्रामा व्यवस्था गरेको हुनु पर्नेछ।

(२१) <u>अग्नि नियन्त्रण व्यवस्थापन:</u>

(क) अग्नि नियन्त्रण उपकरणहरु अस्पतालमा जडान गरेको हुनुपर्छ।

(ख) जडान भएको सबै अग्नि नियन्त्रण उपकरणको नियमित अनुगमन अस्पताल व्यवस्थापनले गर्नु पर्नेछ।

(२२) <u>रक्त संचार सेवाको व्यवस्था:</u> ५० शैया भन्दा माथिका अस्पतालहरुमा रक्त संचार सेवा संञ्चालन मापदण्ड अनुसार रक्त संचार सेवाको व्यवस्था भएको हुनु पर्नेछ। २५ शैया सम्मको अस्पतालले रक्त संचार सेवा उपलब्ध भएको केन्द्रहरु सँग समन्वय गरि रगत तथा रक्त तत्व प्राप्त गरेर भण्डारण गर्ने तथा आवश्यकता अनुसार वितरण गर्न सक्नेछ।

(२३) मर्मत संभार कक्षः अस्पतालको भवन, सवारी साधन, मेसिनेरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ। मर्मतको बार्षिक योजना तयार गरि सोहि अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

(२४) तथ्यांक व्यवस्थापन इकाईः अस्पतालमा आवश्यकता अनुसार सूचना विज्ञ सहित तथ्यांक व्यवस्थापन इकाईको व्यवस्था हुनु पर्नेछ।

**१७. अस्पताल सम्बन्धि अन्य मापदण्ड :**

(क) भौगोलिक बिषमताको आधारमा भवनको हरेक तल्लाको उचाई मानव स्वास्थयलाई अनुकुल हुने गरी बनाएको हुनुपर्नेछ। सामान्यतः कोठाको उचाई कम्तिमा ३ मिटर हुनुपर्नेछ।

(ख) अस्पतालमा प्रत्येक विशेषज्ञ सेवाको लागि छुटाछुटै कोठा हुनुपर्नेछ।

(ग) प्रशासनिक कार्यालयमा बैठक कोठा र स्वास्थ्य शिक्षा एवं सूचनामूलक पुस्तकालयको व्यवस्था भएको हुनु पर्नेछ।

(घ) अस्पतालमा अग्नि समानयन्त्र (Fire Extinguisher) जडान भएको हुनुपर्नेछ।

## परिच्छेद-५

## मानव संशाधन व्यवस्थापन

**१८. जनशक्ति विकास योजनाः** अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्युनतम जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछः

(क) प्रति पच्चिस शैयाको लागि एक जना एम.डी.जी.पी. चिकित्सक हुनुपर्नेछ। एम.डी.जी.पी. चिकित्सक नभएको अवस्थामा प्रसूती तथा स्त्री रोग विशेषज्ञ वा ASBA तालिम प्राप्त डाक्टर र बालरोग विशेषज्ञ हुनुपर्नेछ। पच्चिस शैया भन्दा कम्तिको अस्पतालमा कम्तिमा आंशिक रुपमा कार्य गरेको हुनुपर्छ।

(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तिमा एक जना शल्यचिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स भएको हुनुपर्नेछ।

(ग) जनरल कक्ष (General Ward) मा प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनुपर्नेछ।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति तीन शैयामा एक जना नर्स भएको हुनुपर्नेछ।

(ङ) सघन उपचार कक्ष (आई.सी.यू., एन.आई.सी.यू., सी.सी.यू., आदि) मा प्रति शैयामा एक जना स्टाफ नर्सका व्यवस्था हुनुपर्नेछ।

(च) प्रसूती कक्षको लेबर बेडमा प्रति वेड दुई एस.बी.ए. (Skill Birth Attendants) तालिम प्राप्त नर्सको व्यवस्था भएको हुनुपर्नेछ।

(छ) अस्पतालमा एक जना मेडिकल रेकर्डर को व्यवस्था गर्नुपर्ने वा तोक्नुपर्ने।

(ज) प्रशासनिक, लेखा, सुरक्षा व्यवस्था, बगैचा व्यवस्थापन लगायत कामका लागि अस्पतालले सेवाको गुणस्तर कायम गर्न आवश्यक संख्यामा जनशक्ति व्यवस्था गर्नुपर्ने।

(झ) अस्पतालमा कम्तिमा दुई तिहाई स्वास्थ्यकर्मीहरु पूर्णकालीन हुनुपर्ने।

(ञ) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृति पत्र संलग्न राख्नु पर्ने।

(ट) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलबाट दर्ता नम्बर लिएको हुनुपर्नेछ।

(ठ) बिदेशी स्वास्थ्यकर्मी वा स्वयंसेवकको हकमा सम्बन्धित काउन्सिलबाट र संघिय मन्त्रालयको पुर्व स्वीकृति लिनुपर्नेछ।

**१९. जनशक्ति सम्बन्धि विवरणः**

अस्पतालले आफ्नो शैया संख्या अनुरुप देहाय उल्लेखित जनशक्ति भन्दा कम नहुने गरी जनशक्तिको व्यवस्था गर्नुपर्नेछः

(क) सुशासन तथा व्यवस्थापनका लागी जनशक्तिः

| सि.न. | पद | अस्पताल प्रकार र शैया संख्या | | |
|---|---|---|---|---|
| | | आधारभूत/ जनरल | | |
| | | ५शैया | १०शैया | १५शैया |
| १. | मेडिकल डाइरेक्टर/ मेडिकल सुपरिटेन्डेन्ट (डाक्टर) | १ | १ | १ |
| २. | मेट्रोन | - | - | - |
| ३. | प्रशासकीय अधिकृत | - | - | - |
| ४. | अस्पताल व्यवस्थापन अधिकृत/प्रशासक | १* | १* | १ |
| ५. | सूचना अधिकृत | - | - | - |
| ६. | आई.टी. अधिकृत/सहायक | - | - | - |
| ७. | बायोमेडिकल इन्जिनियर/सहायक | - | - | - |
| ८. | मेडिकल रेकर्डर | - | - | - |
| ९. | अस्पताल वित्तीय व्यवस्थापक (लेखा अधिकृत/ लेखापाल/ स.लेखापाल) | - | १ | १ |
| १०. | स्टोर किपर | - | १* | १* |
| ११. | रिसेप्सनिष्ट | - | १* | १+१~ |

(ख) क्लिनिकल सेवाका लागी जनशक्तिः

| सि.न. | पद | अस्पताल प्रकार र शैया संख्या | | |
|---|---|---|---|---|
| | | आधारभूत/ जनरल | | |
| | | ५शैया | १०शैया | १५शैया |
| १. | General Physician/ MDGP & EM | १# | १#! | १#! |
| २. | General Surgeon | - | - | १* |
| ३. | Gynaecologist & Obstetrician/ ASBA तालिम प्राप्त डाक्टर | १* | १* | १# |
| ४. | Pediatrician | १* | १* | १# |

| | | | | |
|---|---|---|---|---|
| ५. | Anesthesiologist | - | १~ | १~ |
| ६. | Orthopaedic Surgeon | - | - | १* |
| ७. | ENT डाक्टर/ENT तालिम प्राप्त डाक्टर | - | १* | १* |
| ८. | Dental Surgeon | - | - | १* |
| ९. | डेन्टल सहायक/ डेन्टल तालिम प्राप्त स्वास्थ्यकर्मी वा डाक्टर | - | १* | १* |
| १०. | मेडिकल अधिकृत | १ | २ | ३ |
| ११. | नर्सिङ्ग अधिकृत | - | १* | १* |
| १२. | नर्सिङ्ग स्टाफ | ४ | ४ | ५ |
| १३. | पारामेडिकल स्टाफ/ हे.अ. | ३ | ४ | ४ |
| १४. | ब. औषधि व्यवस्थापक/ फार्मेसी अधिकृत वा डि. फार्मेसी/ फार्मेसी सहायक | १ | २ | २ |
| १५. | मेडिकल प्रयोगशाला कर्मचारी (बी.एम.एल.टी./ ल्याब टेक्निसियन/ ल्याब असिस्टेन्ट) | ०/०/३ | ०/१/३ | ०/१/३ |
| १६. | रेडियो इमेजिङ्ग कर्मचारी (रेडियोलोजिस्ट वा तालिम प्राप्त डाक्टर/ रेडियोग्राफर) | ०/१ | १*/१ | १*/१ |
| १७. | एनेस्थेटिक सहायक | ० | १* | १* |

(ग) अस्पताल सहयोग सेवाका लागी जनशक्तिः

| सि.न. | पद | अस्पताल प्रकार र शैया संख्या | | |
|---|---|---|---|---|
| | | आधारभूत/ जनरल | | |
| | | ५शैया | १०शैया | १५शैया |
| १. | सामाजिक सेवा इकाई तथा स्वास्थ्य बीमा व्यवस्थापन सम्बन्धि कर्मचारी | - | १~ | १~ |
| २. | प्लमबर | - | १* | १* |
| ३. | इलेकट्रिसियन | - | १* | १* |
| ४. | बगैचे | आवश्यकता अनुसार | | |
| ५. | कार्यालय सहयोगी | आवश्यकता अनुसार | | |
| ६. | सरसफाईकर्मी | आवश्यकता अनुसार | | |
| ७. | सुरक्षा गार्ड | आवश्यकता अनुसार | | |
| ८. | हलुका सवारी चालक | आवश्यकता अनुसार | | |

नोटः

*: Desirable #: Part Time ~: As per Need

!: If other (atleast Gynaecologist/ ASBA & Pediatrician) specialist are not available then mandatory.

नोटः १५ देखी २५ शैया क्षमता अस्पतालमा अन्य विशेषज्ञ उपलब्ध नभएतापनि एक जना एम.डी.जी.पी. अनिवार्य। सेवा नभएको खण्डमा सामाजिक सेवा इकाई तथा स्वास्थ्य बीमा व्यवस्थापन सम्बन्धि कर्मचारी नहुँदा हुन्छ। संकेतहरु अनुसूची हरुमा पनि यसै बमोजिम लागू हुनेछ।

(२) धारा, बिजुली, बगैंचाको व्यवस्थापन, कार्यालय सहयोगी, सरसफाईकर्मी, सुरक्षाको प्रबन्ध, सवारी चालक लगायत सहायक कार्यका लागि सेवा करार, दरबन्दी वा अउटसोर्सीङ्ग गरी आवश्कता अनुसार सेवाको सुनिश्चितता गरेको हुनु पर्नेछ।

(३) आवश्यकता अनुसार कर्मचारी थपघट गर्न सकिन्छ।

## परिच्छेद-६

## औजार तथा उपकरण सम्बन्धि व्यवस्था

### २०. औजार तथा उपकरणः

(१) प्रयोगशाला उपकरण सम्बन्धि व्यवस्था परिच्छेद ७ बमोजिम हुनेछ।

(२) रेडियोइमेजिङ्ग उपकरण सम्बन्धि व्यवस्था परिच्छेद ८ बमोजिम हुनेछ।

(३) Cardiac उपकरण देहाय बमोजिम हुनु पर्नेछः

| SN | Name of the Equipment | Type of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Computerized ECG machine | 0 | 0 |
| 2 | Ordinary ECG machine | 0 | 1 |
| 3 | 12 Channel stress ECG test equipments Tread Mill * | 0 | 0 |
| 4 | Cardiac Monitor | 0 | 0 |
| 5 | Cardiac Monitor with Defibrillator | 0 | 0 |
| 6 | Ventilators (Adult) | 0 | 0 |
| 7 | Ventilators (Pediatrics) | 0 | 0 |
| 8 | Pulse Oximeter | 1 | 2 |
| 9 | Pulse Oximeter with NIBP | 0 | 0 |
| 10 | Infusion Pump | 0 | 0 |
| 11 | B.P. Apparatus Table model | 2 | 4 |
| 12 | B.P. Apparatus Stand model | 0 | 0 |
| 13 | Stethoscope | 2 | 4 |

(४) Operation Theatre सम्बन्धि उपकरण देहाय बमोजिम हुनु पर्नेछः

| SN | Name of the Equipment | Type of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Autoclave HP Horizontal | 0 | 0 |
| 2 | Autoclave HP Vertical (2 bin) | 0 | 1 (1 Bin) |
| 3 | Operation Table Ordinary Pediatric | 0 | 0 |

| | | | |
|---|---|---|---|
| 4 | Operation Table Hydraulic Major | 0 | Optional |
| 5 | Operation Table | 0 | 1 |
| 6 | Shadowless Lamp ceiling type Major | 0 | Optional |
| 7 | Shadowless Lamp ceiling type Minor | 0 | Optional |
| 8 | Shadowless Lamp Stand Model | 0 | Optional |
| 9 | Focus Lamp Ordinary | 1 | 1 |
| 10 | Sterilizer Medium | 1 | 1 |
| 11 | Electric Cautery | 0 | 1 |
| 12 | Suction Apparatus | 1 | 1 |
| 13 | Microwave Sterilizer | 0 | 1 |
| 14 | Formalin Chamber | 0 | 1 |

(५) अस्पतालमा एनेस्थेसिया (Anaesthesia) सम्बन्धि उपकरण देहाय बमोजिम हुनु पर्नेछः

| SN | Name of the equipment | Types of Health Organization | | | | |
|---|---|---|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed | Super specialized Hospital | Health Academy | Children Hospital |
| 1 | Anaesthetic-laryngoscope magills with four blades<br>• Adult<br>• Paediatric | 0 | 0 | 12<br>12 | 50<br>50 | Optional<br>40 |
| 2 | Endo Tracheal tube sets | 0 | 1 | 12 | 50 | 40 |
| 3 | Magills forceps (two sizes) | 0 | 0 | 12 | 50 | 40 |
| 4 | Connector set of six for E.T.T. (Circuit) | 0 | 0 | 12 | 50 | 40 |
| 5 | Tubes connecting for ETT (T-Piece) | 0 | 0 | 12 | 50 | 40 |
| 6 | Air way (Female) | 0 | 1 | 20 | 80 | 70 |
| 7 | Air way (Male) | 0 | 1 | 20 | 80 | 70 |
| 8 | Mouth Prop | 0 | 1 | 20 | 80 | 70 |
| 9 | Tongue Depressors | 0 | 2 | 20 | 80 | 70 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10 | O2 cylinder for Boyles | 0 | 1 | 20 | 80 | 70 |
| 11 | N2O Cylinder for Boyles | 0 | 0 | 10 | 40 | 30 |
| 12 | PFT machine | 0 | 0 | Optional | 4 | 3 |
| 13 | Boyles Apparatus with Fluotec and circle absorber | 0 | Option al | 8 | 30 | 20 |
| 14 | Ventilators | 0 | 0 | 8 | 30 | 20 |
| 15 | Oxygen Concentrat or/ Cylinder | 1 | 1 | 5 | 20 | 10 |
| 16 | Monitors ECG, NIBP, SPO2 with IBP | 0 | 1 | 12 | 50 | 40 |
| 17 | Monitors ETCO2/ Gas Analyzer IBP | 0 | 0 | 5 | 20 | 10 |
| 18 | Transport Monitor ECG, SPO2, NIBP | 0 | 1 | 5 | 20 | 10 |
| 19 | Transport Ventilator | 0 | 0 | 1 | 2 | 1 |
| 20 | Fibreoptic Bronchosco pe<br>a) Adult<br>b) aediatric | 0 | 0 | 1<br>1 | 2<br>2 | Optional<br>1 |
| 21 | Portable USG | 0 | As mentioned in Radioimaging section | | | |
| 22 | Portable Echocardiog raphy for ICU/CCU/O T | 0 | 0 | 1 | 2 | 3 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 23 | Mac Coy Laryngoscope | 0 | 2 | 2 | 8 | 4 |
| 24 | Intubating LMA 3,4 | 0 | 4 | 2 | 8 | 4 |
| 25 | Video Laryngoscope | 0 | 0 | 2 | 8 | 4 |
| 26 | Double Lumen Tube | 0 | 1 | 5 | 20 | 10 |
| 27 | AMBU bag / Mask | 1 | 1 | 12 | 50 sets | 40 |
| 28 | GAS analyser | 0 | 0 | 1 | 2 | 1 |
| 29 | Defibrillator | 0 | Optional | 3 | 10 | 5 |

(६) Labour Ward, Neonatal & Special Newborn Care Unit (SNCU) भएका अस्पतालहरुमा देहाय बमोजिम हुनु पर्नेछः

| SN | Name of the equipment | Types of Health Organization | | | | |
|---|---|---|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed | Super specialized Hospital | Health Academy | Children Hospital |
| 1 | Baby Incubators | 0 | 0 | Optional | 2 | 2 |
| 2 | Phototherapy Unit | 0 | 0 | Optional | 2 | 2 |
| 3 | Emergency Resuscitation Kit-Baby | 1 | 2 | Optional | 8 | 15 |
| 4 | Standard weighing scale | 1 | 2 | 2 | 1 each for the labor room & OT | 10 |
| 5 | Newborn Care equipment | 0 | 0 | Optional | 1 set each for labor room & OT | 20 |
| 6 | Double–outlet | Optional | Optional | 1 | 1 each for the labor | 2 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Oxygen Concentrator | | | | Concentrator | |
| 7 | Radiant Warmer | Optional | 1 | Optional | 2 | 10 |
| 8 | Room Warmer | 0 | 0 | 1 | 2 | 10 |
| 9 | Foetal Doppler | 1 | 2 | Optional | 6 | 6 |
| 10 | Cardio TocoGraphy Monitor | 0 | 0 | Optional | 2 | 2 |
| 11 | Delivery Kit | 1 | 2 | Optional | 10 | Optional |
| 12 | Episiotomy kit | 1 | 2 | Optional | 10 | Optional |
| 13 | Forceps Delivery Kit | Optional | 1 | Optional | 8 | Optional |
| 14 | Crainiotomy | 0 | 0 | Optional | 1 | Optional |
| 16 | Silastic vacuum extractor | Optional | Optional | Optional | 2 | Optional |
| 17 | Pulse Oxymeter baby & adult | 1 | 2 | 4 | 8 | 15 |
| 18 | Cardiac monitor baby & adult | 0 | 0 | 2 | 4 | 5 |
| 19 | Nebulizer baby | 1 | 2 | 2 | 8 | 15 |
| 1 | Baby Incubators | 0 | 0 | Optional | 2 | 2 |
| 2 | Phototherapy Unit | 0 | 0 | Optional | 2 | 2 |
| 3 | Emergency Resuscitation Kit-Baby | 1 | 2 | Optional | 8 | 15 |
| 4 | Standard weighing scale | 1 | 2 | 2 | 1 each for the labor room & | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | OT | |
| 5 | Newborn Care equipment | 0 | 0 | Optional | 1 set each for labor room & OT | 20 |
| 6 | Double–outlet Oxygen Concentrator | Optional | Optional | 1 | 1 each for the labor Concentrator | 2 |
| 7 | Radiant Warmer | Optional | 1 | Optional | 2 | 10 |

(६) आकस्मिक तथा अत्यावश्यक औषधिको सूचीः

| SN | Name of Drugs |
|---|---|
| 1 | Ranitidine, Omeprazole, Pantoprazole (Inj) |
| 2 | Adrenaline (Inj) |
| 3 | Chlorpheniramine (Inj) |
| 4 | Aminophylline (Inj) |
| 5 | Atropine (Inj) |
| 6 | Hyoscine Bromide (Inj) |
| 7 | Calcium Gluconate (Inj) |
| 8 | Ciprofloxacin, Ampicillin, Ampiclox, Ceftrizone, etc. (Inj) |
| 9 | Deriphylline (Inj) |
| 10 | Dexamethasone (Inj) |
| 11 | Dextrose 5% Saline (Inj) |
| 12 | Dextrose 10% Saline (Inj) |
| 13 | Dextrose 25% (Inj) |
| 14 | Dextrose 50% (Inj) |
| 15 | Diazepam, Lorazepam, Amdazolam (Inj) |
| 16 | 5 % Dextrose Saline (Inj) |
| 17 | Dopamine (Inj) |
| 18 | Pentazocine (Inj) |
| 19 | Hydrocortisone (Inj) |
| 20 | Frusemide (Inj) |
| 21 | Mannitol (Inj) |
| 22 | Metronidazole (Inj) |
| 23 | Morphine (Inj) |

| | |
|---|---|
| 24 | Nitroglycerine, Labetolol (Inj) |
| 25 | Normal Saline (Inj) |
| 26 | Paracetamol (Inj) |
| 27 | Metachlopramide (Inj) |
| 28 | Pethidine (Inj) |
| 29 | Phenergan (Inj) |
| 30 | Potassium Chloride (Inj) |
| 31 | Phenobarbitone (Inj) |
| 32 | Phenytoin (Inj) |
| 33 | Naloxone (Inj) |
| 34 | Vitamin 'K' (Inj) |

(६) आकस्मिक अवस्थाको लागि देहायबमोजिमका औजारहरु हुनुपर्नेछः

| SN | Equipment |
|---|---|
| 1 | Ambu bag with mask |
| 2 | Artery Forceps |
| 3 | Salbutamol Inhaler |
| 4 | Povidone Iodine |
| 5 | Blood Transfusion Set |
| 6 | BP Instrument |
| 7 | Clinwax Ear Drop |
| 8 | Crepe Bandage 4" |
| 9 | Crepe Bandage 6" |
| 10 | Dissection Forceps Non Tooth |
| 11 | Dissection Forceps tooth |
| 12 | Disposable Syringe 3cc, 5cc, 10cc, 20cc |
| 13 | Endo tracheal tube (Pediatric and Adult) 3.0-8.5 |
| 14 | Laryngeal Mask Airway 3.0-8.5 |
| 15 | Foley's Catheter 6f-20f, 3way |
| 16 | Gloves No. 6, 6.5, 7, 7.5 |
| 17 | I.V. Cannula 14G-24G |
| 18 | I.V. Set + Pediatric Burret |
| 19 | I.V. Infusion Set |
| 20 | C.V.P. line Set |
| 21 | Chest Tube (Different Sizes) |
| 22 | Ipratropium Bromide inhaler + Solution |

| | |
|---|---|
| 23 | Knee Hammer |
| 24 | Laryngoscope with Blade (Adult, Pediatric sizes) |
| 25 | Leucoplast |
| 26 | Oxymetazoline Nasal Drop |
| 27 | Needle Holder |
| 28 | Ryle's Tube (N/G tubes) |
| 29 | Scissors (Different Size) |
| 30 | Silver Sulphadiazine Cream |
| 31 | Stethoscope |
| 32 | Suction Machine with tubes |
| 33 | Thermometer |
| 34 | Sphygmomanometer |
| 35 | Tongue Depressor |
| 36 | Torch Light |
| 37 | Uro Bag |
| 38 | Wooden Splint different size |
| 39 | Spinal Board-1 |
| 40 | Cervical Color 1-5 |
| 41 | Antibiotic Injection (Different) |
| 42 | Pulse Oxymeter |
| 43 | Syringe Pump |
| 44 | Infusion Pump |
| 45 | Measuring Tape |
| 46 | Otoscope-1 |
| 47 | Ophthalmoscope-1 |
| 48 | Glucometer |
| 49 | Nebulizer |
| 50 | Patient Monitor-1 |
| 51 | Digital Clock |
| 52 | Delivery Set |

## परिच्छेद-७

## प्रयोगशाला संचालन सम्बन्धि व्यवस्था

२१. **प्रयोगशाला संचालन सम्बन्धि** : नगरपालिकाले "डि" र "ई" वर्गको प्रयोगशालाको अनुमति तथा व्यवस्थापन गर्नेछ। सो भन्दा माथि वर्गको सम्बन्धित निकायमा सिफारिस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्दिने छ। प्रयोगशाला संचालन सम्बन्धि मापदण्डहरु देहाय बमोजिम हुनु पर्छः

**(क) क्षेत्रफल सम्बन्धिः**

(१) प्रयोगशालाको न्यूनतम क्षेत्रफल देहाय बमोजिम हुनु पर्छः

| वर्ग | वर्ग 'D' | वर्ग 'E' |
|---|---|---|
| क्षेत्रफल | २५० वर्ग फिट | १५० वर्ग फिट |

(२) तोकिएको कुल क्षेत्रफलको न्युनतम ७०% भाग प्रयोगशालासँग सम्बन्धित प्राविधिक परीक्षण कार्यको लागी छुट्याइएको हुनु पर्नेछ । बाँकी ३०% भागमा प्रयोगशालासँग सम्बन्धित अन्य कार्यहरु जस्तैः नमूना संकलन, प्रतिक्षालय, मिटिंग हल, कार्यालय क्षेत्र, भण्डार, शौचालय, आदिको लागि व्यवस्था गर्न सकिनेछ ।

(३) प्रयोगशालाको नक्शांकन नमूना सङ्कलन गर्ने देखि लिएर बिसर्जन सम्म हुने गरी लजिक फ्लो मिलाएको हुनु पर्नेछ ।

(४) नमूना संकलन, नमूना प्रोसेसिङ, नमूना परीक्षण, रिपोर्टिंग आदिको लागि छुट्टाछुट्टै क्षेत्र हुनु पर्नेछ ।

(५) वर्गको प्रयोगशालाको हकमा एउटै भवनमा अथवा एउटै प्राङ्गणमा सबै सेवा दिने नसकिने अवस्थामा अधिकतम ५०० मिटर भित्र रहेको अर्को भवनबाट पनि केही सेवाहरु सञ्चालन गर्न सकिनेछ ।

**(ख) जनशक्ति सम्बन्धिः**

(१) प्रयोगशालामा न्यूनतम प्राविधिक जनशक्ति देहाय बमोजिम हुनु पर्छः

| मानव संसाधन (प्राविधिक) | वर्ग 'D' | वर्ग 'E' |
|---|---|---|
| जनशक्तिको विवरण | न्युन्तम चार जना जसमध्ये एक जना स्नातक वा सो भन्दा माथिल्लो तहको हुनुपर्ने । | प्राविधिक जनशक्ति न्यूनतम दुई जना ल्याब असिष्टेन्ट वा सो भन्दा माथिल्लो तहको हुनुपर्ने । |
| चौविसै घण्टा आकस्मिक प्रयोगशाला सेवा सञ्चालन गर्नुपर्ने स्वास्थ्य संस्थाहरुमा आवश्यक थप मानव संसाधन | न्यूतम एकजना | |

(२) प्रयोगशालामा काम गर्ने प्राविधिक जनशक्ति सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।

(३) न्यूनतम मानव संसाधनको संख्या गणना गर्दा प्रयोगशालाको कार्य बोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम जनशक्ति हुनु पर्नेछ । नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रुपमा न्यूनतम तीन घण्टा उपलब्ध हुने जनशक्तिलाई मात्रै

मानिने छ। न्यूनतम जनशक्ति प्रयोग गर्दा (दुई जना पार्ट टाइम कर्मचारी बराबर १ जना फुल टाइम) कर्मचारी मानिनेछ।

**(ग) उपकरण एवम परिक्षण सम्बन्धिः**

(१) प्रयोगशालाको वर्गीकरण र आवश्यक उपकरण तथा सामग्रीहरु देहाय बमोजिम हुनु पर्छः

| प्रयोगशालाको वर्गीकरण | आवश्यक उपकरण तथा सामग्रीहरु |
|---|---|
| "E" (इ) | All "Basic Equipments" consumables, reagents/ kits including (but no limited to):<br>• Binocular Microscope<br>• Centrifuge<br>• Colorimeter<br>• Water Bath<br>• VDRL Shaker<br>• Hot Air Oven<br>• Micropipettes<br>• DC counter<br>• Power Backup<br>• Autoclave<br>• Semi-Automated Biochemistry Analyzer |
| "D" (डि) | All "Basic Equipments", consumables, reagents/kits including (but not limited to):<br>• All of "E" category plus<br>• Incubator<br>• Electrolyte Analyzer<br>• Coulter |

(२) अत्यावश्यक परीक्षणहरुका लागि क्षमताको ब्याकअप उपकरणको व्यवस्था हुनु पर्नेछ।

(३) परिक्षण सम्बन्धी देहाय बमोजिमका प्रयोगशालामा देहाय बमोजिमका परीक्षण उपलब्ध हुनु पर्नेछः

| वर्ग | परीक्षण |
|---|---|
| E | • Hematology: TC, DC, Hemoglobin, ESR, Blood Grouping for Non-Transfusion purpose, BT, CT<br>• Biochemistry: Sugar, Urea, Bilirubin T&D, Serum Uric Acid, Total Protein, Serum Albumin<br>• Microbiology: Sputum AFB stain (Z-N Stain)<br>• Test by RDTS: with simple interpretation<br>• Miscellaneous: Routine Urine Analysis, Routine Stool Analysis, Urine Pregnancy test, Stool for reducing substances. |

| | |
|---|---|
| D | All test of E category plus following<br>• Hematology: RBC count, PT, APTT, Platelet count, Hematocrit, Red Cell Indices, Blood Grouping for Transfusion Purpose<br>• Biochemistry: SGOT, SGPT, ALP, Lipid Profile, Creatinine, Sodium, Potassium, Calcium, TSH, HbA1c<br>• Microbiology: Gram Stain and KOH mount for fungi<br>• Serological Test: RPR, Widal Test, ASO Titre, RA Factor, CRP<br>• Test by RDTS: All<br>• Miscellaneous: Stool for Occult Blood, Stool for H.Pylori, Urine for Ketone Bodies, Urobilinogen, Bile Salt, Bile Pigment, Bence Jones Protein. |

**(घ) बायोसेफ्टी सेक्युरीटी सम्बन्धिः**

(१) स्वास्थ्य प्रयोगशाला न्यून्तम को हुनु पर्नेछ।

(२) बायोसेफ्टी सेक्युरीटीको कार्य सम्बन्धी जिम्मेवार जनशक्ति तोकिएको हुनु पर्नेछ।

**(ङ) गुणस्तर सम्बन्धिः**

(१) आन्तरिक गुणस्तर नियन्त्रण को व्यवस्था दुरुस्त हुनु पर्नेछ।

**(च) परीक्षण रिफरल गर्ने सम्बन्धिः**

(१) प्रयोगशालाले आफुसँग उपलब्ध नभएका परिक्षणहरु प्रेषण गर्न सक्नेछ। प्रापक (Referral) प्रयोगशाला न्यून्तम “सी” बर्गको र प्रेषक (Referring) प्रयोगशाला न्यूनतम “डि” वर्गको हुनु पर्नेछ।

(२) प्रापक र प्रेषक प्रयोगशालाबीच करार सम्झौता (MOU) भएको हुनु पर्नेछ।

(४) प्रेषण गरिएका परीक्षणहरुको रिपोर्ट रिफरल प्रयोगशालाको कोड रिपोर्ट फारममा कम्तिमा राखेको हुनुपर्नेछ।

(५) नेपालका प्रयोगशालामा नहुने परीक्षण मात्रै देश बाहिर प्रेषण गर्न सकिने छ। तर देश भित्र उपलब्ध भएका परीक्षणहरु कुनै सेवाग्राहीको इच्छा भएमा देश बाहिरको प्रायोगशालामा पठाउन सकिनेछ।

(६) देश बाहिर परिक्षण पठाउँदा अनुसूची १३ बमोजिमको ढाँचामा सेवाग्राहीको अनिवार्य लिखित सहमति (Written Consent) लिनु पर्नेछ।

**(छ) अस्पाल तथा स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशालाहरुको वर्गीकरणः**

अस्पताल तथा स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशालाहरुको वर्गीकरण देहाय अनुसार हुनु पर्नेछः

| स्वास्थ्य संस्था | शैया संख्या | न्यूनतम मापदण्ड |
|---|---|---|
| अधारभूत स्वास्थ्य केन्द्र, क्लिनिक, | -- | 'E' वर्गको प्रयोगशाला बमोजिम |

| | | |
|---|---|---|
| पोलिक्लिनिक | | |
| आधारभूत/जनरल अस्पताल | १५ सम्म | 'D' वर्गको प्रयोगशाला बमोजिम |

## परिच्छेद-८

## रेडियो इमेजिङ्ग सेवा सम्बन्धी मापदण्ड

२२. **रेडियो इमेजिङ्ग सेवा संचालन सम्बन्धि व्यवस्था** : रेडियो इमेजिङ्ग सेवा सञ्चालनको लागि देहाय बमोजिका मादण्ड हुनु पर्नेछः

**(क) साधारण एक्स-रे सेवा सम्बन्धी व्यवस्थाः**

(१) एउटा एकसरे मेसिन जडान गर्नका लगि कम्तिमा ४५० से.मि. × ३०० से.मि. र उचाई कम्तिमा २५० से. मि. को कोठा उपलब्ध हुनु पर्नेछ।

(२) नियन्त्रण गर्ने कोठा एकसरे कोठा भन्दा अलग हुनु पर्छ।

(३) प्रोसेसिङ कोठा एकसरे कोडाभन्दा अलग हुनु पर्नेछ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग हुनु पर्नेछ। अस्पतालको हकमा अरु विभागको लागी छुट्याईऐको कोठालाई मान्य दिईनेछ।

(५) देहाय बमोजिको कोठाको व्यवस्था गरी विकिरण चुहाबट नियन्त्रण गर्नु पर्नेछः

क. ढोका र हेर्ने झ्याल (भ्युईड झ्याल) मा २ मि.मि. बाक्लो सिसा (लिड) भएको।

ख. ०.२ मि. मि. बाक्ला सिसा (लिड) र १० से.मि. ईटाको भित्ता वा कंक्रिटको भित्ता भएको वा लीड पेन्ट गरेको।

ग. सम्भव भएसम्म झ्याल नभएको कोठा, कोठाको भेन्टिलेलेसन जमिनदेखि १८० से.मि. माथि रहेको र आफै बन्द हुने स्वचलित ढोका भएको।

घ. मोबाइल एकसरे उपकरण सञ्चालन गर्दा तारको लम्बाई कम्तिमा २०० से.मि. भएको।

(६) पोर्टेबल एक्सरे उपकरणहरु सधै एक खण्ड (स्टयाण्ड) मा राखिएको हुनु पर्नेछ।

(७) कम्तिमा एउटा ०.२ मी.मी बाक्लो लिड एप्रोन अथवा सो बराबरको विकिरणबाट सुरक्षा दिने सामग्री हुनु पर्नेछ।

(८) कम्तिमा एउटा ०.२ मी.मी बाक्लो चश्मा, लिडको पन्जा, थाईराइड शिल्ड र गोनाड शिल्ड उपलब्ध हुनु पर्नेछ।

(९) विकीकरणको क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारीलार्य विकिरण निगरानी उपकरण (पर्सनल रेडीएसन डोज मनिटर) प्रदान गर्नु पर्नेछ।

(१०) एक्सरेको को राम्रो इमेज प्राप्त गर्न मानक एकसपोजर मापदण्डहरुको चार्ट (स्टयान्डर्ड एकसपोजर प्यारामिटर चार्ट) प्रयोग गर्नु पर्नेछ।

(११) बैकल्पिक बिद्युत आपूर्तिको लागि ब्याकअपको व्यवस्था हुनु पर्नेछ ।

**(ख) दन्त एक्स-रे सेवा सम्बन्धी व्यवस्थाः**

(१) इन्ट्रा ओरल डेन्टल एक्स-रेको लागि कोठाको क्षेत्रफल कम्तिमा २०० से.मी. × ३०० से.मी. र उचाई कम्तिमा २५० से.मी. हुनु पर्छ ।

(२) अर्थोपान्टोमोग्राम वा बिम.सि.टि को लागि कोठाको क्षेत्रफल कम्तिमा ४५० × ४०० से.मी. र उचाई कम्तिमा २५० से.मी. हुनु पर्छ ।

(३) अन्य व्यवस्था साधारण एक्स-रेमा उल्लेख भए अनुसारको हुनुपर्नेछ ।

**(ग) अल्ट्रासोनोग्राम सेवा सम्बन्धी व्यवस्थाः**

(१) इमजेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको व्यवस्था हुनु पर्नेछ।

(२) बेड र त्यसमा सफा बेडसिट भएको हुनुपर्छ।

(३) कोठामा प्रर्याप्त बत्ती र आफै बन्द हुने स्वचलित ढोका भएको।

(४) अल्ट्रासोनोग्राम कक्षमा एयर कन्डिसनको व्यवस्था हुनु पर्नेछ ।

(४) स्ट्रेचर/ह्वीलचेयरको व्यवस्था हुनु पर्नेछ।

(५) शौचालय तथा चेनजिंग रुमको राम्रो व्यवस्था हुनु पर्नेछ।

(६) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग हुनु पर्नेछ।अस्पतालको हकमा अरु विभागको लागी छुट्याईऐको कोठालाई मान्य दिईनेछ।

**(घ) सि.टि स्क्यान/एम.आर.आई. स्क्यान सम्बन्धी व्यवस्थाः**

(१) स्क्यान गर्ने कोठाको क्षेत्रफल कम्तिमा ६२५ से.मि.×४०० से.मि. र उचाई कम्तिमा २५० से.मि. को हुनु पर्छ ।

(२) नियन्त्रण गर्ने कोठा अलग हुनु पर्नेछ र यो कम्तिमा ४०० से.मि.×२०० स.मि. को हुनु पर्नेछ ।

(३) प्रोसेसिङ कोठा स्क्यान गर्ने कोठाभन्दा अलग हुनु पर्नेछ ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग अलग हुनु पर्नेछ ।

(५) स्क्यानको राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरुको चार्ट (स्टयानडर्ड एक्सपोजर पारामिटर चार्ट) प्रायेग गर्नु पर्नेछ । ती मापदण्डहरुको चार्ट नियन्त्रण कक्षमा राखिएको हुनु पर्ने ।

(६) एम.आर. आई स्क्यानका लागि बाह्यचुम्बकिय असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) सि.टि/ एम.आर.आई कक्षमा र अन्यको हकमा एयर कन्डिसनरको व्यवस्था हुनु पर्नेछ ।

(८) अन्य व्यवस्था साधारणा एक्स-रे मा उल्लेख भए अनुसारको हुनु पर्नेछ ।

२३. **रेडियोडाइग्नोसिस र इमेजिङ्ग सेवाको लागि आवश्यक जनशक्ति तथा योग्यताः** रेडियो इमेजिङ्ग सेवा सञ्चालनको लागि देहाय बमोजिका जनशक्ति तथा योग्यता आवश्यक पर्नेछः

(क) रेडियोलोजिस्टः मान्यता प्रापत शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतिर्ण गरी रेडियोलोजी विषयमा वा सो सरहको कोर्स उत्तिर्ण गरेको हुनु पर्नेछ साथै सम्बन्धित काउन्सिलमा दर्ता गरेको हुनु पर्नेछ।

(ख) Medical Physicist: Medical Physics बिषयमा कम्तिमा BSC उतिर्ण गरेको हुनु पर्नेछ।

(ग) बायोमेडिकल इन्जिनियरः बायोमेडिकल इन्जिनियरिङ्ग विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उतिर्ण गरेको हुनु पर्नेछ।

(घ) रेडियोग्राफि टेक्नोलोजिस्ट/रेडियोग्राफि अधिकृतः नेपाल सरकारको मानयता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफि बिषयमा कम्तिमा स्नातक तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता गरेको हुनु पर्ने।

(ङ) रेडियोग्राफरः नेपाल सरकार मानयता प्रापत शिक्षण संस्थाबाट रेडियोग्राफि विषयमा कम्तिमा प्रमाण पत्र तह वा सो सरहको डिग्री हासिल गरी सम्बन्धित काउन्सिलमा दर्ता गरेको हुनु पर्नेछ।

(च) सोनोलोजिस्टः मान्यता प्रापत संस्थाबाट उतिर्ण गरी रेडियोलोजी विषयमा वा सो सरहको कोर्ष उत्तिर्ण गरेको हुनु पर्नेछ साथै सम्बन्धित काउन्सिलमा दर्ता गरेको हुनु पर्नेछ।

(छ) तालिम प्राप्त डाक्टरः मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतिर्ण गरी रेडियोलोजी विषयमा वा सो सरहको कोर्स अनलाईन गरेको वा मान्यता प्राप्त संस्था वा अस्पतालबाट तालिम लिएको हुनु पर्नेछ।

नोटः

- रेडियोलोजी एण्ड इमेजिङ्ग रिपोर्टिङ्गहरु यथासम्भव रेडियोलोजिस्टहरुले गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सम्बन्धीत तालिम प्राप्त चिकित्सकले गर्न सक्नेछन्।

(ज) रेडियोलोजी सेवाको लागी न्यनूतम उपकरण पूर्वाधार

| सि.न. | विवरण | क्लिनिक | १० शैया | १५ शैया |
|---|---|---|---|---|
| १. | एक्स-रे मेशिन | १०० एम.ए-१ | १००/१५० एम.ए with CR System-१ | ३०० एम.ए with CR वा DR System -१ |
| २. | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | पोर्टेबल-१ | कम्तिमा 3D-१ |

## परिच्छेद-९

## फार्मेसी/ औषधि पसल सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

### २४. फार्मेसी/ औषधि पसल सम्बन्धी मापदण्ड तथा पूर्वाधारः

(१) कुनै पनि मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा पनि D. Pharma वा सो भन्दा माथिको उपाधि प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त निकायद्वारा ओरेन्टेसन तालिम प्राप्त व्यवसायी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्छ।

(२) नेपाल सरकारको औषधि व्यवस्था विभागमा दर्ता भएको तथा अन्य नै निकायमा दर्ता भै नेपालमा बिक्रि वितरण गर्नुको लागि अनुमति प्राप्त संस्थाले बिक्रि वितरण गर्नुपर्नेछ।

(३) फार्मेसी/ औषधि पसल सेवा संचालनका लागि देहाय बमोजिमको भौतिक पूर्वाधार हुनुपर्नेछः

(क) सफा र उज्यालो कोठा

(ख) बिरामी बस्ने ठाउँ

(ग) शौचालयको व्यवस्था

(घ) औषधि भण्डारणको लागि आवश्यक Freeze को व्यवस्थापन

(ङ) परामर्श कक्ष

(च) स्वास्थ्य शिक्षा सम्बन्धि सूचनामूलक पोस्टर तथा अन्य सामग्रीहरु

(४) फार्मेसी/ औषधि पसल संचालन गर्दा संस्था दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, आयकर प्रमाण पत्रको प्रतिलिपि, औषधि पसल संचालन अनुमति पत्रको प्रतिलिपि र व्यवसाय प्रमाणपत्रको प्रतिलिपि सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

(५) फोहरमैलाको उचित व्यवस्थापन गरेको हुनुपर्नेछ।

(६) फार्मेसी/औषधी पसल/मेडिकल दर्ता गर्न अनुसूची ८ बमोजिमको निवेदन दिनुपर्नेछ।

## परिच्छेद-१०

## सेवा सम्बन्धि व्यवस्था

### २५. स्वास्थ्य संस्थाहरुमा उपलब्ध गराउने स्वास्थ्य सेवाः

(क) खडक नगरपालिका अन्तर्गत आधारभूत अस्पतालः

(१) यस खडक नगरपालिका अन्तर्गत रहेको आधारभूत अस्पताल "आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिम जेसुकै भएपनि दफा २६ का कुराहरु उल्लेखित बमोजिम हुनेछ।

(ख) निजि अस्पताल वा नर्सिङ्ग होमः अस्पतालको प्रकृति अनुसार बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा, विशेषज्ञ सेवा, आकस्मिक सेवा, प्रयोगशाला सेवा, रेडियो ईमेजिङ्ग सेवा, फार्मेसी सेवा, समान्य शल्यक्रिया सेवा लगायत अन्य सेवाहरु तथा नेपाल सरकारका सुचीकृत कार्यक्रम अन्तर्गतका सेवाहरु

(ग) स्वास्थ्य क्लिनिकः आधारभूत स्वास्थ्य सेवा अन्तर्गतका स्वास्थ्य सेवा

(घ) विशेषज्ञ क्लिनिकः विशेषज्ञ सेवा मध्येका सेवा

(ङ) डेन्टल क्लिनिकः प्रारम्भिक दन्त सेवा समेत Tooth Extraction, RCT, Filling, Denture, Scaling, Emergency Oral Trauma Management

(घ) पोलिक्लिनिकः आधारभूत स्वास्थ्य सेवा सहित उपचार सेवा, प्रयोगशाला सेवा, रेडियो ईमेजिङ्ग सेवा, फार्मेसी सेवा, ईत्यादि गरी कम्तिमा पाँच वटा सेवा

(ङ) डाईग्नोस्टीक सेन्टरः निदानात्मक सेवाहरु जस्तै प्रयोगशाला सेवा, रेडियो ईमेजिङ्ग सेवा, आदि जस्ता सेवाहरु

## परिच्छेद-११
## खडक नगरपालिका अन्तर्गतको अस्पताल सम्बन्धि व्यवस्था

**२६. आधारभूत अस्पताल :**

(क) यस खडक नगरपालिका अन्तर्गत रहेको आधारभूत अस्पताल "आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ अनुसार हुनेछ।

(ख) यस परिच्छेद मा अस्पताल शब्दले खडक नगरपालिका अन्तर्गत संचालनमा रहेको आधारभूत अस्पताल भन्ने बुझ्नुपर्छ।

(ग) उपदफा (क) बमोजिम जेसुकै भएपनि निम्न शिर्षकका कुराहरु यहाँ तल उल्लेखित बमोजिम हुनेछ।

**(१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन**ः यस खडक नगरपालिको "आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को दफा (६) बमोजिम निम्न अनुसार रहनेछः

| | |
|---|---|
| (क) नगरपालिकाको नगर प्रमुख वा नगरप्रमुखले तोकेको व्यक्ति | - अध्यक्ष |
| (ख) स्थानीय समाजसेवी | - सदस्य |
| (ग) सम्बन्धित वडाको वडा प्रतिनिधि | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य | - सदस्य |
| (च) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| (छ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| (ज) स्वास्थ्य क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्ये नगर प्रमुखले तोकेको १ जना महिला | - सदस्य |
| (झ) सामुदायिक तथा संस्थागत विद्यालयहरु मध्ये बाट समितिले मनोनित गरेको १ जना | - सदस्य |
| (ञ) सम्बन्धित अस्पताल प्रमुख | - सदस्य सचिव |

नोटः आवश्यकता अनुसार विशेष प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ।

**(२) पदावधि**ः समितिको पदावधि नियुक्ति भएको मितिले पाँच (५) वर्षको हुनेछ। तर पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ। त्यस बेला मेडिकल सुपरिटेन्डेन्टले निर्णय गरेर अस्पतालको हरेक कार्य गर्न सक्नेछ।

**(३) पदावधि रिक्त हुने**ः निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछः

(क) मृत्यु भएमा

(ख) रजिनामा दिएमा

(ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा

(घ) फौजदारी अभियोग प्रमाणित भएमा

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा

**(४) अस्पताल संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(क) यस खडक नगरपालिको "आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को दफा (७) बमोजिम हुनेछ।

(ख) आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ मा जेसुकै भएपनि थप उल्लेखित निम्न काम कर्तव्य र अधिकार हुनेछः

(१) नेपाल सरकारबाट जारी गरिएको आधारभुत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(२) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवं कर्मचारीको बृत्ती विकासकालागि आवश्यक कार्य गर्ने साथै अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाका सम्बन्धमा आवश्यक निर्णय एवं कार्यान्वयन गर्ने गर्न लाउने।

(३) समितिले निर्णय गरि अस्पतालको कोष बाट नियमानुसार विज्ञापन गरि आवश्यक कर्मचारी तथा स्वास्थ्यकर्मीहरु नियूक्त गर्न सक्नेछ।

(४) समितिले अस्पताल संचालन गर्न र सेवा प्रभावकारी बनाउन थप चिकित्सक-मेडिकल अधिकृत करारमा राख्न सक्नेछ वा नगरपालिकालाई सिफारिस गरेमा नगरपालिकाले नियमानुसार करार/करार दरवन्दी चयन गर्दिनेछ।

(५) स्वास्थ्य वीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृ शिशु कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने।

(६) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्ने गर्न लाउने।

(७) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(८) अस्पताल प्रमुखले कुनै निर्णय गराउन पेश गरेको प्रस्तावमा बैधीनक्ता दिन वा कार्यन्यवन गराउन सक्नेछ।

**(५) समितिको बैठक र संचालन विधिः** खडक नगरपालिका अन्तर्गत रहेको अस्पताल संचालन तथा व्यवस्थापन समितिको बैठक संचालन विधि देहाय बमोजिम हुनेछः

(क) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ। आवश्यकता र औचित्यताका आधारमा तोकिए भन्दा बढी बैठक समेत बस्न सक्नेछ। मासिक दुई पटक भन्दा बढी बैठकको बैठक भत्ता भने उपलब्ध हुने छैन।

(ख) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(ग) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन। तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन।

(घ) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनपुस्थितिमा अस्पताल व्यवस्थापन समितिका सदस्य सचिवको अध्यक्षतामा वैठक संचालन गर्न सकिनेछ।

(ङ) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(च) अस्पतालको दिनहुँ, साप्ताहिक, मासिक वा वार्षिक अथवा कुनैपनि समिति सदस्यले अस्पतालको लागी अस्पताल सँग सम्बन्धित कुरा गर्नु परेमा वा जानकारी दिनु परेमा आवश्यक निर्णय गरी सोसल मेडिया प्रयोगमा ल्याउन सक्नेछ। यस प्रक्रिया बाट गरेको निर्णय हरु कानून सम्बत हुनेछ।

(छ) आधारभूत अस्पताल संचालान तथा ब्यबस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

**(६) कोष तथा लेखा परिक्षणः**

**(क) अस्पतालको कोषः**

(१) अस्पताल संचालन तथा व्यवस्थापनका लागि आधारभूत अस्पतालको नाममा छुटै कोष रहने छ।

(२) उफदफा क (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछः

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम।

(ख) नगरपालिकाबाट प्राप्त अनुदान रकम।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशीदाता, गुठी वा संस्थाबाट प्राप्त रकम।

(ङ) अस्पताल संचालन तथा व्यवस्थापन समितिको पहलबाट कोषमा प्राप्त हुने सबै प्रकारका रकम।

(च) अस्पतालले संचालन गरेका सेवा शुल्क र दस्तुर वापत प्राप्त रकम।

(३) अस्पताल कोषको भुक्तान भएको आर्थिक बर्षको कारोबारको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ।

**(ख) अस्पतालको कोष, खाता तथा खरीद प्रक्रिया संचालनः**

(१) आधारभूत अस्पतालको आय व्यय चुस्त दुरुस्त राख्न आधारभूत अस्पताल प्रमुख वा निजले तोकेको प्रतिनिधि र आधारभूत अस्पतालको लेखापालको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ। आधारभूत अस्पतालको छाप अनिवार्य हुनेगरी खाता संचालन गर्ने। अस्पतालको आर्थिक (लेखा) हेर्न लेखापाल नियुक्त नभए सम्मका लागि नगरपालिकाले पठाएको मेडिकल सुपरिटेन्डेन्टले जिम्मेवारी दिएको आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि वा जिम्मेवारी दिईएको स्थायी कर्मचारी र अस्पताल प्रमुखको संयुक्त दस्तखत बाट खाता संचालन हुनेछ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ। सो खाता प्रचलित कानून बमोजिम संचालन हुनेछ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायीत्व, जिम्मेवारी र जवाफदेहीता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखा परीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, औषधी तथा औषधीजन्य पदार्थ, ल्याव सामाग्री एवम केमिकल, सर्जिकल सामाग्री खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया नियमानुसार हुनेछ। आवश्यक जरुरि खरिद अस्पताल प्रमुखले खरिद गरि भुक्तानी दिन सक्नेछ।

(७) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसमान, औषधी तथा औषधीजन्य पदार्थ, ल्याव सामाग्री, सर्जिकल सामाग्रीको खरिद प्रकृया संचालनका लागि रकम रु. बीस लाख सम्मको लागत अनुमान स्वीकृत अस्पताल प्रमुख र सोभन्दा बढीको लागत अनुमान स्वीकृत गर्नु पर्ने भएमा अस्पताल संचालन तथा ब्यवस्थापन समितिको अध्यक्षले गर्नेछ। अस्पतालले माथि उल्लेखित रु. बीस लाख भन्दा बढीको खरीद सम्बन्धी सबै प्रकृयाहरु अस्पताल संचालन तथा व्यवस्थापन समितिको बैठकले अनुमोदन गर्नेछ।

(८) अस्पतालको खरीद प्रकृयालाई सरल, सहज र प्रावधान अनुरुप संचालन गर्नका लागि अस्पताल प्रमुखको नेतृत्वमा अस्पतालको आफ्नै खरीद एकाई गठन गर्नसक्नेछ। खरीद प्रकृयालाई सरल, सहज र प्रभावकारी बनाउन आवश्यक परे नगरकार्यपालिकाको कार्यालयको खरीद प्रकृयामा सम्लग्न जनशक्तीले सहजिकरण गर्नेछ।

(९) अस्पतालको खरिद सम्बन्धि काम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

**(ग) लेखा परिक्षणः**

(१) अस्पताल संचालन तथा व्यवस्थापन समितिले तोकिए वमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(२) समिति/अस्पताल कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट वा निजले तोकेको लेखा परीक्षक बाट हुनेछ।

**(घ) बैठक भत्ताः**

समितिका सदस्यहरुको बैठक भत्ता तथा वैठक सम्बन्धि अन्य खर्च नगरपालिकाको आर्थिक नियमावली बमोजिम आधारभूत अस्पतालको कोषबाट व्यहोर्ने गरी हुनेछ।

**(ङ) सेवा शुल्क सम्बन्धि व्यवस्थाः**

अस्पतालबाट प्रदान गरिने सेवाको शुल्क आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ। तर नेपाल सरकार, प्रदेश सरकार तथा खडक नगर सभाले निशुल्क भनि तोकिएका सेवाहरुको शुल्क लिन भने पाईने छैन।

**(७) कर्मचारी व्यवस्थापन सम्बन्धमा**ः

(१) आधारभूत अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार, नगरकार्यपलिकाको कार्यलय, अस्पताल संचालन तथा व्यवस्थापन समिति वा मेडिकल सुपरिटेन्डेन्टको निर्णयले दरबन्दी एवं आवश्यकता निर्धारण गरे अनुसार देहाय बमोजिमको कर्मचारी व्यवस्था हुनेछ।

(क) स्थाई कर्मचारीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवा बाट पदपूर्ति भएका र हुने स्थायी प्रकृतिका जनशक्ति।

(ख) करार कर्मचारीः खडक नगर कार्यपालिकाको कार्यालय वा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिले वा आधारभूत अस्पतालको मेडिकल सुपरिटेन्डेन्टले निर्णय गरी करार सेवामा भर्ना गरिएको जनशक्ति।

(ग) अभ्यासकर्ताः छात्रवृति प्राप्त गरी अध्ययनरत बिद्यार्थीहरुले अनिवार्य सेवा गर्नु पर्ने भई नेपाल सरकार, प्रदेश सरकार, खडक नगर कार्यपालिकाको कार्यालयबाट पूर्ण वा आंशिक रुपमा छात्रवृतीमा अध्ययन गरेका बिद्यार्थी।

(घ) ज्यालादारी कर्मचारीः खडक नगर कार्यपालिकाको कार्यालय वा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिले वा आधारभूत अस्पतालको मेडिकल सुपरिटेन्डेन्टले निर्णय गरी ज्यालादारी सेवामा भर्ना गरिएको जनशक्ति।

(ङ) विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टरनसिप (OJT) विद्यार्थीहरु।

(च) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलब्ध गराएका व्यक्तिहरु।

(छ) आधारभूत अस्पतालको मेडिकल सुपरिटेन्डेन्टले वा खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत द्वारा स्वीकृत गरिएको वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलब्ध गराएका स्वयंसेविकाहरु।

(२) आधारभूतको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले संचालन तथा व्यवस्थापन समितिको निर्णय गराई आफ्नै

स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्त गर्न सक्नेछ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्त गर्दा खुल्ला प्रतिस्पर्धात्मक पद्दति अनुरुप प्रचलित कानून बमोजिमको अनुसार गर्ने गराउने।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानूनको अधिनमा रही अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई अस्पताल संचालन तथा व्यवस्थापन समितिले अस्पतालको आर्थिक सक्षमताका आधारमा थप सुविधा दिन सक्नेछ।

(६) नियमित बाहेक आकस्मिक तथा अतिरीक्त स्वास्थ्यसेवा अन्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

(७) अस्पतालको विरामीको चापलाई मध्य नजर गरी आवश्यकता अनुसार संगठन संरचना संसोधन गरी अस्पताल संचालन तथा व्यवस्थापन समितिले जनशक्ती दरवन्दी थप तथा संसोधन गर्न सक्नेछ।

(८) आधारभूत अस्पताल आफनै कोषबाट कर्मचारी व्यवस्थापन गर्न नसकेमा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको सिफारीसमा नगरकार्यपालिकाको कार्यालयले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गरी पठाउन सक्नेछ।

(९) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुख/ मेडिकल सुपरिटेन्डेन्टले कार्य गर्नेछ।

(१०) अस्पताल प्रमुख संग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारी संग अस्पताल प्रमुखले कार्य सम्पादन करार गर्नुपर्नेछ।

(११) समितिले जनशक्तिको क्षमता अभिबृद्दीका लागि आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण गराउनेछ।

(१२) अस्पताल संचालन र व्यवस्थापनकालागि विशेषज्ञ सेवा प्रदान गर्न आवश्यक जनशक्ति अपुग भएमा प्रचिलत कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्ने जिम्मेवारी अस्पताल संचालन तथा व्यवस्थापन समितिको हुनेछ।

(१३) समितिले नगरपालिका सँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था सँगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

**(८) अस्पताल प्रमुख/ मेडिकल सुपरिटेन्डेन्ट सम्बन्धि व्यवस्थाः**

आधारभूत/नगर अस्पतालको प्रमुख/ मेडिकल सुपरिटेन्डेन्ट अस्पतालमा कार्यरत डाक्टर मध्ये ज्येष्ट डाक्टर वा अस्पताल संचालन तथा व्यवस्थापन समितिले तोकेको

डाक्टर वा खडक नगरपालिकाबाट अस्पताल प्रमुख वा मेडिकल सुपरिटेन्डेन्ट भनि तोकेको चिकित्सक हुनेछ।

**(९) अभ्यासकर्ता सम्बन्धि व्यवस्थाः**

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रबृत्तीमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगी सम्वन्धित परिषद मा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरुलाई अस्पताल प्रमुखले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा काममा लगाउन सक्नेछ।

**(१०) कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधा :**

(१) कर्मचारी, डाक्टर एवम स्वास्थ्यकर्मिहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानूनको अधिनमा रही अस्पताल संचालन तथा व्यवस्थापन समिति वा मेडिकल सुपरिटेन्डेन्टले निर्धारण गरे बमोजिम हुनेछ।

(२) अस्पताल प्रमुख/ मेडिकल सुपरिटेन्डेन्टलाई नेपाल सरकारको नियम बमोजिम अस्पताल प्रमुखले पाउने सम्पूर्ण सेवा सुविधा दिने। अस्पताल संचालन तथा व्यवस्थापन समितिले आवश्यक थप सेवा सुविधा निर्णय गरी दिनसक्नेछ।

**(११) अस्पताल प्रमुख/ मेडिकल सुपरिटेन्डेन्टको काम कर्तव्य र अधिकारः**

(१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्नु न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने।

(२) अस्पताल सञ्चालनका लागी सरकारी, निजि तथा गैरसरकारी अस्पताल/ संस्थाहरु सँग समन्वय गर्ने, सहयोग गर्ने, सहकार्य गर्ने।

(३) आधारभूत अस्पताल सञ्चालनका लागी वार्षिक बजेट, कार्यक्रम तयार गराउने र आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिमा छलफल गर्ने र आवश्यकता अनुसार कार्यान्यवन गर्ने।

(४) अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तर कायम राख्न, क्षमता अभिबृद्दी गर्न, स्तरउन्नति गर्ने तथा अन्य आवश्यक कार्यहरु गर्ने।

(५) अस्पतालको आर्थिक प्रशासनलाई थप प्रभावकारी, पारदर्शी र गुणस्तरीय बनाउने काम गर्ने।

(६) अस्पतालको सेवा लाई प्रभावकारी बनाउन सम्बन्धित निकाय सँग तालिमको लागि माग गर्ने, तालिममा सहभागी हुने वा आवश्यक लाग्ने जनशक्तिलाई तालिममा पठाउने। आवश्यक परे समय समयमा तालिम, गोष्ठी, चेतनामूलक कार्यक्रम अस्पतालको कोष बाट संचालन गर्ने।

(७) आधारभूत अस्पतालमा आवश्यकता अनुसार लेखा राखी वार्षिक लेखा परिक्षण गराउने। दैनिक हिसाब राख्न आवश्यक लेखापाल/स.लेखापाल राख्ने। यसरी

राखेको कर्मचारीको सेवा सुविधा खडक नगरपालिकाबाट माग गर्ने वा आवश्यक पेरे अस्पताल प्रमुखले अस्पतालको कोषबाट दिने गरी नियमानुसार करार वा ज्यालादारीमा नियुक्ति दिन सक्नेछ। मेडिकल सुपरिटेन्डेन्टले ज्यालादारी कर्मचारीहरु हटाउन सक्नेछ भने स्थायी कर्मचारीहरुको सरुवा सिफारिस गर्न सक्नेछ र यसरी आएको सिफारिस नगरपालिकाले शिघ्र कार्यान्यिन गर्नेछ।

(८) आधारभूत अस्पताल प्रमुखको रहोबरमा प्रशासन शाखा, लेखा शाखा र स्टोर लगायत O & M गरी सम्पूर्ण शाखा एवम विभाग अस्पताल प्रमुखले चयन गर्न सक्नेछ। मेडिकल सुपरिटेन्डेन्टले कार्य विवरण तोकेको व्यक्ति/कर्मचारी सम्बन्धित विभागको इन्चार्ज हुनेछ। आवश्यक अनुसार मेडिकल सुपरिटेन्डेन्टले अस्पतालको जिम्मेवारी फेरबदल गर्न सक्नेछ भने कसैलाई सहमतिमा जिम्मेवारी थप गर्न सक्नेछ।

(९) आधारभूत अस्पतालमा आवश्यकता अनुसार कुनै कार्य वा सेवा निश्चित समयको लागि प्रवाह गर्न मेडिकल सुपरिटेन्डेन्टले अस्पताल बाहिरको डाक्टर वा अन्य जनशक्तिलाई खटाई अस्पताल कोषबाट भुक्तानी हुने गरि सम्बन्धित डाक्टर वा जनशक्तिलाई बोलाई कार्यन्वयन/सेवा प्रवाह गर्न सक्नेछ।

(१०) मेडिकल सुपरिटेन्डेन्टले अस्पताल र फार्मेसीको माग बमोजिम औषधि, सर्जिकल समान, केमिकल तथा अस्पतालमा प्रयोग हुने सम्पूर्ण समान, रिपेरिङ्ग, ईत्यादि आधारभूत अस्पतालको कोषबाट ल्याउने/ खरिद गर्ने र Party/ Supplier/ Stockist Payment सम्झौता अनुसार समयमा बुझाउने। भुक्तानी किस्ताबन्दी, रसिद बमोजिम वा समय म्याद पुगेको भए चेक मार्फत वा नगद दिन सक्नेछ। आवश्यक परे खडक नगरपालिका सँग माग गर्ने सक्नेछ। मेडिकल सुपरिटेन्डेन्टले आवश्यक परे नियमानुसार सम्झौता गरि जिम्मा लगाउन सक्नेछ।

(११) अस्पतालको हरेक रेकर्ड राख्न Software कम्पनी सँग नियमानुसार खरिद सम्झौता गरी संचालन गर्ने र प्रयोगमा ल्याउने र सम्झौता अनुसार मासिक, चौमासिक वा वर्षेनी लाग्ने शुल्क नगरपालिकाबाट वा आवश्यक परे अस्पताल कोषबाट भुक्तानी दिन सक्नेछ।

(१२) मेडिकल सुपरिटेन्डेन्टले आधारभूत अस्पतालको कुनै पनि पुरानो, प्रयोगमा नआउने समान/सम्पति, खर्च भएर जाने/नजाने लाई धुल्याउने, लिलाम/बिक्रि गर्नलाई आवश्यक प्रक्रिया पुर्याई गर्न सक्नेछ। त्यसै गरी अस्पताल र यस सँग सम्बन्धित समान/सम्पति खरिद वा कार्य गराउने एवम भुक्तानी गर्न सक्नेछ।

(१३) अस्पतालमा आवश्यक लागे अन्य संस्था/कम्पनी लाई सुचिकृत गरी कारोबार गर्न सक्नेछ। मेडिकल सुपरिटेन्डेन्टले सुचिकृत भएको संस्था/कम्पनीको सुचिकृत खारेज गर्न अस्पताल संचालन तथा व्यवस्थापन समितिमा निर्णय गराई गर्न सक्नेछ। त्यसै गरि अस्पताल संचालन तथा व्यवस्थापनको लागि विज्ञ

आवश्यक परे, सम्बन्धित विज्ञलाई बोलाई ज्याला/भत्ता अस्पताल कोषबाट दिन सक्नेछ।

(१४) अस्पतालमा संचार सम्पर्ककोलागि सामाजिक संजाल प्रयोगमा ल्याउन सक्नेछ र आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति सँग के कुन सामाजिक संजाल कसरी प्रयोगमा ल्याउने भनेर बैठक बसी निर्णय गर्ने। यस बाट गर्ने निर्णयहरु कानून सम्बत हुनेछ।

(१५) अस्पताल संचालन तथा व्यवस्थापन गर्न आर्थिक हेतु अस्पतालको सेवा सुविधा तथा ल्याब जाँचको दररेट तय गर्ने, आवश्यक परे फेरबदल गर्ने तथा आवश्यक लागे अस्पतालको सेवा र सुविधामा छुट दिने वा निशुल्क गरिदिने।

(१६) आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिले तोकेका अन्य कामका साथै प्रचलित कानून बमोजिम खडक नगर सभा, खडक नगरकार्यपालिका र खडक नगरकार्यपालिकाको कार्यालयले लिखित तोकेका काम गर्ने गराउने।

**(१२) औषधि खरिद, भण्डारण तथा वितरणः**

(१) नगरपालिकाबाट निशुल्क वितरण गर्ने औषधी तथा अस्पतालको फार्मेसीबाट विक्री वितरण गर्ने तथा स्वास्थ्य वीमाको मापदण्ड बमोजिम उपलब्ध गराउनु पर्ने औषधि अपर्याप्त भएमा अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्णय गरी आवश्यक औषधि खरीद गर्न सक्नेछ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमानगरी वार्षिक खरीद योजना बनाई अस्पताल संचालन तथा व्यवस्थापन समितिबाट अनुमोदन गर्नुपर्नेछ।

(३) अस्पतालले निशुल्क उपलव्ध गराउने औषधी नियमित रुपमा उपलव्धताको व्यवस्था नगरपालिका सँग समन्वय गरि मिलाउनु पर्नेछ।

(४) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपूर्तीको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार भण्डारण गर्नुपर्नेछ।

(६) औषधी आपूर्ती तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउन पुर्ने र दैनिक औषधीको खपतलाई मौज्जादको अभिलेख राख्नुपर्नेछ। साथै उपकरणको विवरण चुस्त दुरुस्त राख्ने र राख्न लागउनु पर्नेछ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापन समिति समक्ष अनुमोदनका लागी छ मासिक रुपमा पेश गर्नुपर्नेछ।

(९) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछः

(क)औषधीको सेवन विधि र मात्रा।

(ख) औषधीको सेवन अवधि।

(ग) औषधीबाट हुनसक्ने असर।

(घ) औषधी सेवन अवधिभर अपनाउनु पर्ने सावधानी।

(ङ) औषधी सुरक्षित राख्ने स्थान र विधी।

(१०) औषधी वितरण गर्दा औषधी बिक्री वितरण सम्बन्धी संहिता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(११) अस्पतालले आपुर्ती व्यवस्थापन सचूना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउन पुर्नेछ।

**(१३) फार्मेसी संचालन गर्नेः**

(१) निशुल्क औषधी वितरण तथा अस्पतालमा आवश्यक औषधी विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी (निशुल्क र सःशुल्क) संचालन गर्नेछ। आवश्यक परे बीमाको लागि छुटै फार्मेसी संचालन गर्न सकिने छ।

(२) निशुल्क बाहेकका फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्था अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ।

(३) सःशुल्क फार्मेसीमा कार्यरत कर्मचारीले दैनिक हिसाब मिलान गर्ने र लेखा शाखा मा जानकारी गराउने, आवश्यक अनुसार बुझाउने र लेखाले सम्पूर्ण हिसाब दुरुस्त राख्ने।

(४) फार्मेसी संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र फार्मेसी संचालन निर्देशिका तथा अस्पताल संचालन तथा व्यवस्थापन समिति बमोजिम हुनेछ।

(५) फार्मेसी कसैलाई जिम्मा दिएको खण्डमा सम्झौता बमोजिम रकम लिने र फार्मेसीको गुणस्तर र सेवा सुबिधामा निगरानी गर्ने।

**(१४) एम्बुलेन्स संचालनः**

(१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग वा साझदोरीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ।

(२) एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था आधारभूत अस्पतालले कानून बनाई लागू गर्नेछ।

**(१५) आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः**

(१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ।

(२) अस्पतालमा संभव हुने उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयक्तु स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(४) आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा सोही वीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगको अवस्थामा सम्बन्धित

व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिने छैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई नगरपालिकाको आकस्मिक उपचार कोषबाट व्यहोर्ने गरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ।

**(१६) सेवा व्यवस्थापनः**

(१) अस्पतालमा प्रशासनिक कार्यालय, ओपिडी, प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपछु दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउनेछ।

(३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय सबैले देख्ने ठाउँमा राख्नेछ।

(४) अस्पतालले चौबिसै घण्टा स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनेछ।

(५) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

(६) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था भएको हुनुपर्नेछ।

(७) अस्पताल बाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोर मैला प्रकृति अनुसार श्रोत मै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउन पुर्नेछ। फोहोर व्यवस्थापनका लागि अस्पतालको आफ्नै साधन र जनशक्ती नभए सम्मका लागी नगरपालिकाको सवारी साधन र कर्मचारी बाट फोहोर व्यवस्थापन हुनेछ।

(८) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राख्नुपर्नेछ।

(९) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगाकपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ।

(१०) अस्पताल हाता भित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधायुक्त समय सापेक्ष क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ।

(११) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा शुद्ध पिउने पानी आपुर्ती गर्नुपर्नेछ।

(१२) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ। थप निशुल्क उपचार गर्नु पर्ने भएमा अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

(१३) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ।

(१४) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्धुतिय उपकरण र अन्य विद्धुतिय उपकरणहरु को नियमित मर्मत संभार गर्ने व्यवस्था हुनु पर्नेछ।

(१५) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रवन्ध हुनुपर्नेछ।

(१६) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ।

(१७) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि आवश्यकता अनुसार सुरक्षा गार्डको व्यवस्था हुनुपर्नेछ।

(१८) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबालिका र अपांगता मैत्री हुनु पर्नेछ। साथै अस्पताल मा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(१९) स्वास्थ्य सेवा संचालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नु पर्नेछ।

**(१७) सूचना, अभिलेख र गुनासो व्यवस्थापनः**

(१) **अस्पताल सूचना प्रणालीः**

(क) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(ख) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सचूना नगरपालिका, प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ।

(ग) अस्पतालवाट प्रदान भएका सेवासुविधाको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(घ) बिरामीले स्वास्थ्य संस्था बाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनसुची २ बमोजिमको नागरिक वडापत्र अस्पतालको अग्र भागमा देखिने गरी राख्नु पर्नेछ। अस्पतालले वितरण गर्ने सेवा प्रवाह सोहीअनुरूप उपलब्ध गर्नु पर्नेछ। आवश्यक अनुसार वडापत्रमा सामन्य हेरफेर गर्न सकिने छ।

(ङ) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ।

(च) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ।

(छ) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक सूचना प्रणालीका व्यवस्था मिलाउनु पर्नेछ।

(ज) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ।

(झ) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस.टु मा प्रविष्ट गर्नु पर्नेछ।

(य) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सचूना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

(२) **गुनासो व्यवस्थापनः**

(क) अस्पतालले सबैले देख्ने ठाँउमा सुझाव तथा गुनासो पेटिका राख्नुका साथै प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो उजुरी तथा सुझाव संकलन गर्ने र त्यसको सम्बोधनका लागि छुट्टै एक अधिकारी तोक्नेछ।

**(३) प्रेषण सम्बन्धी व्यवस्थाः**

(क) उपचारको लागि आएको बिरामीलाई उपयक्तु कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्था वा अस्पतालमा प्रेषण गर्नु पर्नेछ।

**(१८) अस्पताल को छापः** अस्पतालको सम्पूर्ण कामकारवाहीको निम्ति एउटा छुटै छाप हुनेछ। छापको नमुना र आकार अनुसूची ५ बमोजिम हुनेछ।

**(१९) अस्पताल को लेटर हेडः** अस्पतालको कार्य निम्ति लेटरहेड हुनेछ जसको नमुना र अनुसूची ६ बमोजिम हुनेछ।

**(२०) अस्पताल को डिस्चार्ज सारांशः** अस्पतालको डिस्चार्ज सारांश को नमुना र अनुसूची १४ बमोजिम हुनेछ। केहि थपघट गर्नुपरे अस्पताल प्रमुखले निर्णय गर्न सक्नेछ।

**(२१) अस्पतालको संगठन संरचनाः** आधारभूत अस्पतालको आफ्नै संगठन संरचना हुनेछ। संगठन संरचनामा प्रचलित कानून बमोजिम नेपाल सरकार स्वास्थ्य मन्त्रालय, प्रदेश सरकार, खडक नगरसभा वा आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ। प्रस्तावित संगठन संरचना अनुसूची-४ बमोजिम हुनेछ। जनशक्ति व्यवस्थापन दफा (२४) को उपदफा (७), (८) र (९) बमोजिम हुनेछ। आधारभूत अस्पताल प्रमुखले सेवा थप गर्ने हुँदा थप जनशक्ति आधारभूत

अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ। आधारभूत अस्पतालको प्रमुखले संरचना फेरबदल गर्न सक्नेछ र आवश्यकता अनुसार कर्मचारी एवम स्वास्थ्यकर्मीलाई कार्य जिम्मेवारी दिनसक्नेछ।

(२२) **साझेदारी गर्न सकनेः** अस्पतालको सेवा लाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तारोन्नती, सरसफाई तथा फोहर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न नगरपालिका सँग समन्वय गरी वा आफ्नै श्रोतबाट आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सामुदायिक, सरकारी, निजि तथा गैरसरकारी निकाय वा संघ संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ।

## परिच्छेद-१२

## विशेषज्ञ सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाका पूर्वाधार तथा मापदण्ड

२७. दन्तरोग :

(क) **Category of Hospitals**

- General Dental Hospital
  To provide Dental Services under one roof
- Dental Clinic/Polyclinic
  To provide general dental services
- Dental Department of General Hospital
  To provide general dental services. Dental Hospital & specialized centre should be registered as per as the Government Rules & Regulatio in four types as:
  i. Private Limited Company
  ii. Public Limited Company
  iii. NGO
  iv. INGO

(ख) **General Dental Hospital-15 Dental Chairs**

The basic aim of the general dental hospital should be to provide all basic general dental services under one roof. The general dental hospital should have the following facilities:

**Infrastructure:**

i. Administrative:

Reception, Waiting Room, Account Room, Maintenance Room, Store, Doctor's Meeting Room,Changing Room, Ambulance, Director's Room, Library Room

ii. Clinical:

Capacity of minimum 15 dental chairs should have at least five separate department namely-

1. **Oral Surgery:** Minor OT with 2 beds and 2 dental chairs (Oral Surgeon visit on call and twice a week regular visit)

2. **Orthodontic Dept-** 1 dental Chairs (Specialist's visit at least twice a month)
3. **Posthodontic Dept**- 2 dental Chairs (Specialist's visit at least once a week)
4. **Conservative Dept** – 2 dental chairs (Specialist's visit at least once a week)
5. **Periodontics Dept** - 2 dental chairs (Specialist's visit at least once a week)

iii. General:

10 dental chairs (Integrated system) 24 hrs Emergency Dental services.

iv. Other Facilities:

Sterilization room, Radiology- OPG and CEPH, Dental Laboratory, Pharmacy, Pathology- Routine test, Waste disposal System, Water Storage, Toilets (Male/Female), Canteen (Space= One dental chairs should have Minimum 50 sqft. and total hospital should have minimum 5000sqft. Hospital complex may be rented, leased or own house, one should have minimum of five years of agreement with the house owner).

v. For Minor OT

- Anesthetist Service-On Call
- Minor OT Equipment
- Operating Table
- Operating Lights
- Suction Units
- Electro-Cautery Unit
- Instrument Holding Tables
- Infusion Stands
- X-Ray Viewers
- Weighing Machines

vi. Staffs

- Graduate Dental Surgeons- 10
- Staff Nurse-2
- Dental Hygienist-3
- Dental Assistant-8
- X-Ray Technician-1
- Lab Technician-1
- Maintenance Technician-1
- Manager-1
- Receptionist-1
- Accountant-1

- Storekeeper-1
- Guard-1
- Sweeper-3

| S.No. | Details | Dental Hospital (15 Dental Chairs) |
|---|---|---|
| 1. | Infrastructure (Administrative) | |
| | Reception | |
| | Waiting room | 1 |
| | Account room | 1 |
| | Store | 1 |
| | Maintenance room | 1 |
| | Doctors meeting room | 1 |
| | Changing room | 1 |
| | Directors room | 1 |
| | Library room | 1 |
| 2. | Clinical | |
| | Oral and maxillofacial surgery | (Oral surgeon visit on call and twice a week regular visit) Minor OT-2 Beds-2, DC-2 |
| | Orthodontic department | (Specialist visit at least twice a month) DC-1 |
| | Prosthodontic department | (Specialist visit at least once a week) DC-1 |
| | Periodontic department | Specialist visit at least once a week |
| | Restorative/Pedo department | Specialist visit at least once a week |
| 3. | General | (Integrated System) DC-10 |
| 4. | 24 hour Emergency Dental Services | |
| 5. | Staffs | |
| | Graduate dental surgeon | 10 |
| | Staff nurses | 2 |
| | Anesthetist | On call |
| | Dental Hygienist | 3 |
| | Dental Assistant | 8 |
| | Radiographer | 1 |
| | Lab technician | 1 |
| | Maintenance technician | 1 |
| | Receptionist | 1 |
| | Store keeper | 1 |

| | | |
|---|---|---|
| | Security guard | 1 |
| | Sweeper | 3 |
| | Accountant | 1 |
| | Manager | 1 |
| 6. | Other Facilities | |
| | Sterilization room | 1 (14 sq.m) |
| | Dental laboratory | 1 (14 sq.m) |
| | Toilets (male/female) | 2 |
| | Parking areas | 1/3 open space |

Specialists are those who are registered with Nepal Medical Council under specialist criteria.

**(ग) Dental Clinic/Polyclinic**

The aim of the clinic is to provide general dental service in a clean and hygienic environment. Any graduate Dental surgeons having permanent registration from NMC can open dental clinic. The dental clinic should have minimum following facilities.

**Infrastructure:**

- Reception
- Waiting
- Clinic
- Toilet
- Cleaning & Sterilization Area

**Equipment:**

- Electric Dental Chair with Halogen light spittoon and water supply
- High Vacuum Suction
- Micromotor or Air motor
- Air motor Handpiece
- Light cure unit
- Ultrsonic Scaler Unit/ PisoScaler
- Oil free Medical Grade Compressor
- IOPA-X-Ray
- X-ray viewer
- Autoclave/Hot air oven
- Needle destroyer with cutter
- Generator

**(घ) Dental Department of General Hospital**

The aim of the dental department of any general hospital is to provide general dental service in an clean and Hygienic environment, the dental department should have minimum following facilities in overall combination with hospital:

**Infrastructure:**

- Reception
- Waiting
- Clinic
- Toilet
- Cleaning & Sterilization Area

**Equipment:**

- Electric Dental Chair with Halogen light spittoon and water supply
- High Vacuum Suction
- Micromotor or Air motor
- Air rotor Handpiece
- Light cure unit
- Ultrsonic Scaler Unit/ PisoScaler
- Oil free Medical Grade Compressor
- IOPA-X-Ray
- X-ray viewer
- Autoclave/Hot air oven
- Needle destroyer with cutter
- Generator

## परिच्छेद-१३

## स्वास्थ्य क्लिनिक/ पोलीक्लिनिक सम्बन्धि मापदण्ड तथा पूर्वाधार

**२८. स्वास्थ्य क्लिनिक/ पोलीक्लिनिक सम्बन्धि मापदण्ड तथा पूर्वाधारः**

(१) स्वास्थ्य क्लिनिक/ पोलीक्लिनिकमा स्वास्थ्य जाँच गर्ने चिकित्सकले कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धि उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाण पत्र उतिर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ।

(३) पोलीक्लिनिकमा रेडियोलोजी इमेजिङ्ग सेवा, प्रयोगशाला तथा औषधि उपचार सेवा संचालन गर्नु परेमा छुटाछुटै सेवा सम्बन्धि निर्धारित पूर्वाधार पूरा गर्नुपर्नेछ।

(४) पोलीक्लिनिकमा रेडियोलोजी इमेजिङ्ग सेवा (यू.एस.जी. वा एक्स-रे कम्तिमा), प्रयोगशाला तथा औषधि उपचार सेवा हुनुपर्नेछ।

(४) स्वास्थ्य क्लिनिक/ पोलीक्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका भौतिक सुविधा हुनुपर्नेछः

(क) बिरामीको जाँच गर्ने Ventilated वा AC कोठा सेवा अनुसारको छुटाछुटै

(ख) बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ)-१

(ग) बिरामी जाच्ने टेबुल-१

(घ) चिकित्सकका लागि टेबुल-१

(ङ) चिकित्सकका लागि कुर्सी-१

(च) बिरामी बस्ने टुल/कुर्सी-१

(छ) शौचालयको व्यवस्था-२

(ज) टेलिफोन. इन्टरनेट र वेब पेज

(झ) स्वास्थ्य शिक्षा सम्बन्धि सूचनामूलक पोष्टर तथा अन्य सामग्री

(ञ) स्वच्छ पानीको आपूर्ति

(ट) निरन्तर विधुत आपूर्ति

(५) स्वास्थ्य सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नुपर्नेछ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टरको प्रयोग गर्नु पर्नेछ।

(७) क्लिनिक/पोलीक्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ।

(८) क्लिनिक/पोलीक्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि साथै प्राविधिक कर्मचारीको सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि राख्नु पर्नेछ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(१०) नेपाल सरकार वा नगरपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन नगरपालिकामा पठाउनुपर्नेछ।

(११) निर्मलीकरण गर्नका लागि राम्ररी गर्ने व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद-१४

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि स्वास्थ्य संस्थाहरुको मापदण्ड

**२९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि स्वास्थ्य संस्थाहरुको मापदण्डः**

(१) आयुर्वेद वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायको मापदण्डहरुको पालना गर्नुपर्नेछः

(क) आयुर्वेद चिकित्सा अन्तरगत रहने सेवाहरुः

**चिकित्सा सेवाः**

(१) उपचारत्मक (आतुर विकार प्रशमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शास्त्र—प्रणिधान

(छ) स्वस्थ्यवृत एवम् यागाभ्यास

(२) स्वास्थ्य प्रवद्र्धनात्मक, स्वास्थ्य रक्षा, रोग प्रतिरोधात्मक, पुनस्थापनात्मक सेवा, हेर विचार स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थ्यवृत पालना—ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहा विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ)पञ्चकर्म

(च) योगाभ्यास

(छ) पुनस्थापनात्मक सेवा

(ज) दिवा स्याहार/दिर्घ रोगी स्याहार सेवा

(झ) प्रतिरोधात्मक सेवा

(ख) आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होस सम्बन्धी मापदण्ड तथा पूर्वाधारः आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत निजीस्तरमा सञ्चालन गर्ने अस्पताल एवं नर्सिङ्ग होमहरुले आफ्नो क्षमता अनुसार क्रमशः एक वा एमभन्दा बढी तपसिलमा उललेखित विभाग/शाखाहरु सञ्चालन गर्न सक्नेछनः—

(१) आयुर्वेद चिकित्सा सेवा अन्तगत विभाग वा शाखाहरुः

(क) कार्यचिकित्सा

(ख) बालरोग चिकित्सा

(ग) प्रसूति तथा स्त्रीरोग चिकित्सा

(घ) शल्य चिकित्सा

(ङ) शालाक्य

(च) रसायत

(छ) वाजीकरण

(ज) स्वस्थयवृत एवम् योगाभ्यास

(झ) पंचकर्म

(ञ) भेषज तथा प्रथ्यापथ्य

(ट) रोग निदान तथा विकृति विज्ञान

(२) आयुर्वेद अस्पतालले देहाय बमोजिको भौतिक पूर्वाधारको व्यवस्था तथा मापदण्डको पालना गर्नु पर्नेछः—

| सि.नं. | विवरण | १५ शैया सम्म |
|---|---|---|
| १. | (क) जग्गा मापदण्डः सडकसँग जोडिएको हुनुपर्ने। | ✓ |
| | (ख) सवारी साधन आवत जावत तथा पार्किङ्गको लागि प्रर्याप्त ठाउँ हुनुपर्ने । | ✓ |
| | (ग) प्रवेशद्धार र निकासद्धार—गेट छुट्टाछुट्टै हुनुपर्ने । | |
| | (घ) सञ्चार, बिजुलि, शौचालय तथा खानेपानीको व्यवस्था हुनुपर्ने । | ✓ |
| २. | बहिरङ्ग | ✓ |
| ३. | अन्तगङ्ग | ✓ |

| | | |
|---|---|---|
| | आयुर्वेद चिकित्सामा स्नाकोत्तर उपाधि (M.D./M.S.(AY)) विषयगत सेवा अनुसार | २ जना |
| | चिकित्सक (B.A.M.S.) सो (AHA) सरह | ३ जना |
| | आयुर्वेद सहायक वा सो सरह | ३ जना |
| | आयुर्वेद सह सहायक (AAHW) सो सरह | ३ जना |
| | पञ्चकर्म सहायक | अवश्यकता अनुसार |
| | अभ्यङ्ककर्ता | अवश्यकता अनुसार |
| | ल्याब टेक्नोलोजिष्ट | स्विच्छक |
| | ल्याब टेक्निसियन | १ |
| | ल्याब असिस्टेन्ट | १ |
| | B.N. (B.Sc. Nursing) | अवश्यकता अनुसार |
| | Staff Nurse | १ जना |
| | अ.न.मि | ३ जना |
| | प्रशासन अधिकृत | अवश्यकता अनुसार |
| | नायब सुब्बा | अवश्यकता अनुसार |
| | खरिदार (लेखा) प्रशासन | १ जना |
| | कम्प्यूटर प्राविधिक खरीदार | अवश्यकता अनुसार |
| | कार्यालय सहयोगीर पाले | ३ जना |
| | भान्छे र टहलुवा | २ जना |
| | माली | अवश्यकता अनुसार |
| | सवारी चालक | अवश्यकता अनुसार |
| | कुचिकार | १ जना |
| | फिजियोथेरापीष्ट | अवश्यकता अनुसार |
| | फिजियोथेरापी सहायक | अवश्यकता अनुसार |
| | जु मेडिकल रकर्ड असिस्टेण्ट | अवश्यकता |

| | | |
|---|---|---|
| | | अनुसार |
| ४. | अन्तरङ्ग सेवा | |
